
## मोलुङ गाउँपालिका ओखलढुंगा

# हाम्रो मोलुङ

## आधारभूत तह पाठ्यक्रम-२०७९

(स्थानीय पाठ्यक्रम कक्षा १-८)



**मोलुङ गाउँकार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

प्राप्चा, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

२०७९, आषाढ

# आधारभूत तह पाठ्यक्रम-२०७९

(स्थानीय पाठ्यक्रम कक्षा १-८)


मोलुङ गाउँकार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

प्राप्चा, ओखलढुङ्गा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
(.................................. शाखा)

फोन नं. ६६३०५८८
६६३४७११,
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-
चलानी नं.:- २९

मिति: ..................................

## शुभकामना

नेपालको संविधानले विद्यालय शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहलाई जिम्मेवार बनाएको सन्दर्भमा राष्ट्रिय शिक्षा नीति, २०७६ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम वा मातृभाषाको पठनपाठन गर्ने व्यवस्था गरिएको छ । यसका लागि कक्षा १-३ का लागि ५ र कक्षा ४-८ का लागि ४ पाठ्यघण्टा तोकिएको छ । नेपालको बहुजातीय, बहुभाषिक बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त अवस्थालाई दृष्टिगत गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्न, स्थानीय प्राकृतिक, साँस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान, सिप, स्रोत र सम्पदाको पहिचान गरी तिनको सदुपयोग, संरक्षण र भावी पुस्तालाई हस्तान्तरण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको हो ।

यसै सन्दर्भमा ओखलढुङ्गा जिल्लाको मोलुङ गाउँपालिकाले स्थानीय ज्ञान, सिप र प्रविधिलगायतका विषयवस्तु समावेश गरेर विद्यालय, स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहभागिता तथा सहयोगमा **"हाम्रो मोलुङ"** नाम गरेको स्थानीय विषयको पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएकामा खुसी लागेको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट विद्यार्थीहरूमा स्थानीय परिवेशमा घुलमिल भई स्थानीय सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिमा सहभागी हुने, परम्परादेखि अभ्यास गर्दै आएका स्थानीय ज्ञान, सिप तथा प्रविधिको पहिचान गर्ने र समयानुकूल परिस्कार गरी प्रयोग गर्ने लगायतका सक्षमताको विकास गर्न सहयोग पुग्ने छ भन्ने विश्वास लिइएको छ ।

गाउँपालिकाको नेतृत्व, समन्वय, सहजीकरण तथा सहयोग र स्थानीय शिक्षासेवी, बुद्धिजीवी, अभिभावक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत सम्बन्धित सबैको प्रतिबद्धता, सहभागिता र सक्रियताबाट यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुने छ भन्नेमा केन्द्र विश्वस्त छ । यसको सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०७९

..............................
अणप्रसाद न्यौपाने
महानिर्देशक

महानिर्देशक

# शुभकामना

"कृषि पर्यटन हरियाली वन समृद्ध मोलुङको खुसियाली मन" मूल नारालाई स्थापित गर्न शिक्षामा सामाजिक न्याय र समावेशितालाई विशेष प्राथमिकता दिन आवश्यक हुन्छ । विविधताको सम्मान, विकास,प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो र यसलाई योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याउने माध्यम भनेको पाठ्यक्रम हो । शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले मोलुङ गाउँपालिकाभित्र विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं । स्थानीय पाठ्यक्रम मार्फत स्थानीय स्रोत साधन, मूल्य मान्यता, पहिचान र असल अभ्यासलाई अझ समृद्ध बनाउने पवित्र उद्देश्यकासाथ यो पाठ्यक्रम निर्माण गरिएको हो । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले सुसंस्कृत र सभ्य नागरिकका लागी गुणस्तरीय र व्यवहारिक पाठ्यक्रम चाहिन्छ । गुणस्तरीय शैक्षिक वातावरण व्यवस्थापन गर्दै लैजाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तहसम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७९ बाट कक्षा १-८ मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै जाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने विश्वास लिएको छु ।

स्थानीय जातजाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत–संगीत, स्थानिय सिप प्रविधि पर्यटन आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय परिवेश र पहिचानको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामुहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ ।

पाठ्यक्रमको मूल मर्मलाई आत्मसात गर्दै स्थानीय ज्ञान, सिप, अभ्यास र परम्परालाई संरक्षण, विकास र प्रचार–प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा

यथोचित जानकारी लिदै आफ्नै माटोमा “केही गरौं” भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । सिकारुको आवश्यकता र अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यक्रमले मोलुङको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएको छु । स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ स्थानीय ज्ञान, सिप र अभिवृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शक हुनेछ । स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको “हाम्रो मोलुङ ” पाठ्यक्रमले मोलुङको पहिचान दिन सक्षम हुनेछ भन्ने मेरो विश्वास छ । यसले स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाएको छ । स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई समेटेको छ । यसले सीप, प्रविधि, पर्यटन, रीतिरिवाज र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धनगर्ने उद्देश्य राखेको छ। राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरुलाई समेत उजागर गरेको छ ।

मोलुङ गाउँपालिको सबै सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०७९ देखि लागू हुने यस पाठ्यक्रम विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नु हुने यस पालिकाको उपध्याक्ष, कार्यापालिका सदस्यहरु, गाँउ शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, स्थानिय पाठ्यक्रम निमार्ण समिति, परिस्कृत एवंम परिमाजर्न समिति, शिक्षकका पेशागत संघ, संगठन, राजनैतिक दल, शिक्षक, विद्यार्थी र अभिभावकहरु सबैमा हार्दिक शुभकामना दिन चाहान्छु । गाउँपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकोमा म अत्यन्त हर्षित छु साथै आभार प्रकट गर्दछु ।

यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सबै सरोकारवालामा म हार्दिक अनुरोध गर्दछु। पाठ्यक्रम आफैमा एक जीवन्त दस्तावेज भएकोले आवश्यकतानुसार यसको समसामयिक परिमार्जन गर्दै सफल कार्यन्वयन हुने अपेक्षा लिएको छु ।

..........................

**उत्तम राई**
**अध्यक्ष**
**मोलुङ गाउँपालिका**
**ओखलढुङ्गा**

"कृषि पर्यटन हरियालि वन, समृद्ध मोलुङको खुसियालिमन"

# मोलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा

पत्र संख्याः ०७८/०७९
चलानी नम्बरः
प्राप्चा, ओखलढुंगा
स्थाः २०७३
१ नं. प्रदेश, नेपाल

# हाम्रो भनाई

पाठ्यक्रम निर्माण, विकास तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजका आवश्यकता र चाहनाहरु परिवर्तनशील भएकाले समाजको माग र सिकारुको आवश्यकताका आधारमा विश्वब्यापी र स्थानीय विषयवस्तुलाई पाठ्यकममा समावेश गर्नुपर्ने हुन्छ । विद्यार्थीका व्यवहार कुशल तथा जीवनपयोगी सिप र सक्षमताहरु विकास गर्ने पाठ्यकम तथा पाठ्यसामग्रीहरु सिकारुमैत्री बनाउनुपर्दछ । यसै कममा राष्ट्रिय पाठ्यकम प्रारुपको सैद्धान्तिक अवधारणा अनुसार आधारभूत तहको मौजुदा पाठ्यकममा परिमार्जन गरी एकीकृत पाठ्यकम विकास गरिएको छ । पाठ्यकमको मौजुदा संरचना अनुसार आधारभूत तह (१–३) मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले बार्षिक १६० पाठ्यघण्टाको र कक्षा (४–८) मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ पाठ्यघण्टा स्थानीय विषयबस्तुलाई छुट्याईएको छ । स्थानीय विषय अर्न्तगत स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित विषयबस्तु समावेशगरिएका छन् । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ,अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यकम तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने नीतिगत व्यवस्था अनुसार स्थानीय पाठ्यकम "हाम्रो मोलुङ" को विकास गरिएको छ । यस पाठ्यकमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व गाउँपालिकाको हो । राष्ट्रिय पाठ्यकम प्रारुपको संरचना अनुसारको स्थानीय पाठ्यकम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता सम्बोधन हुनाका साथै सिकाई प्रतिको अपनत्व समेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयबस्तुमा आधारित स्थानीय पाठ्यकम तयार गरी कार्यान्वयन गर्ने उद्देश्यले यो स्थानीय पाठ्यकम "हाम्रो मोलुङ" को विकास गरिएको छ । स्थानीय पाठ्यकम "हाम्रो मोलुङ" मा मोलुङको परिचय, मोलुङको प्राकृतिक स्रोत र सम्पदा, यहाँका ऐतिहासिक र पर्यटकीय स्थल, संस्कार र संस्कृति, रीतिरिवाज स्थानीय पेसा, व्यवसाय र प्रविधि आदि विषयवस्तु समावेश गरिएका छन् । यसमा सिकाई

सहजीकरण विधि तथा प्रकिया, विद्यार्थी मूल्याङ्कन, प्रक्रिया र पाठ्यकम कार्यान्वयन योजना तथा पाठ्यकम परिमार्जन प्रक्रिया समेत समावेश गरिएको छ ।

यो स्थानीय पाठ्यकम हाम्रो मोलुङ तयार गर्ने कममा प्रारम्भिक लेखन कार्य गर्नु हुने स्थानीय पाठ्यक्रम निमार्ण समितिका संयोजक श्री सरस्वती पौडेल, सदस्यहरु, श्री कुल प्रसाद खतिवडा, श्री ध्रुवराज खत्री, श्री सुरेन्द्र खड्का, श्री राम कुमार ढकाल, श्री योगेन्द्र प्रसाद धमला र श्री फडिन्द्र वहादुर कार्की परिष्कृत तथा परिमार्जन समिति संयोजक श्री ध्रुवराज खत्री सदस्यहरु, श्री सुरेन्द्र खड्का र श्री रमेश कुमार दाहाल, विषय विशेषज्ञ, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक एवंम सम्बन्धित सरोकारवालाहरु प्रति मोलुङ गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यस पाठ्क्रमलाई यस स्वरुपमा ल्याउने कार्यमा यस पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमूख प्रशासकिय अधिकृत सरोज थापा, प्रशासकिय अधिकृत श्री सन्तोष गौतम, जनप्रतिनिधिहरु, प्रा.स. चन्द्रमणि पोखरेलको अतुनिय योगदान रहेको छ । यस पाठ्क्रमको सम्पादन श्री सरस्वती पौडेल र भाषा सम्पादन श्री सबिन घिमिरे र श्री चोलेन्द्र दाहालबाट भएको हो । यस पाठ्यक्रम विकासमा संलग्न सम्पूर्ण महानुभावहरु प्रति गाउँ कार्यपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

यस पाठ्क्रमले विद्यार्थीहरुमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थी ,शिक्षक, सरोकारवाला सबैलाई सहयोग गर्नेछ । विशेषत शिक्षकको शिक्षण सिकाई क्रियाकलापको योजना निमार्ण गर्न, विद्यार्थीको सिकाईमा सहयोग पुर्‍याउने एउटा महत्वपूर्ण आधारको रुपमा बालकेन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । यस पाठ्क्रमलाई अझ परिस्कृत पार्नको लागि शिक्षक, विद्यार्थी , अभिभावक वुद्धिजीवि एवम् सम्पूर्ण सरोकारवालाहरुको समेत विशेष भूमिका रहने हुँदा सम्वद्ध सबैको रचनात्मक सुझावका लागि मोलुङ गाउँकार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा हार्दिक अनुरोध गर्दछ ।

सरस्वती पौडेल
शाखा प्रमुख
मोलुङ गाउँकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
प्राप्चा, ओखलढुङ्गा

# विषय सूची


| | |
|---|---|
| १. पाठ्क्रमको परिचय | १-२ |
| २. स्थानीय पाठ्यक्रमको आवश्यकता | २-३ |
| ३. स्थानीय पाठ्यक्रमको औचित्य | ३-४ |
| ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ४-५ |
| ५.विद्यालय शिक्षाको तहगत संरचना | ५ |
| ६. विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना | ५-१० |
| ७. आधारभूत तह (१-८) का तहगत सक्षमता | १०-११ |
| ८. स्थानीय पाठ्यक्रमको कक्षागत सक्षमता | ११-१४ |
| ९. विषयवस्तुको विस्तृतीकरण | १५-४२ |
| कक्षा १ | १५-१७ |
| कक्षा २ | १८-२० |
| कक्षा ३ | २१-२४ |
| कक्षा ४ | २५-२८ |
| कक्षा ५ | २९-३१ |
| कक्षा ६ | ३२-३५ |
| कक्षा ७ | ३६-३८ |
| कक्षा ८ | ३९-४२ |
| १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ४३-४८ |
| सन्दर्भ सामाग्रीहरु | ४९ |
| पाठ्यक्रम  निर्माण समिति | ५० |
| पाठ्यक्रम परिस्कृत तथा परिमार्जन समिति | ५० |

# स्थानीय पाठ्यक्रम-हाम्रो मोलुङ

## १.परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक एवम् विविधताले भरिपूर्ण देश हो । त्यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले स्थानीय स्तरका आवश्यक ज्ञान, सिप, प्रविधि र सक्षमताहरुलाई समेट्न नसकेको हुनाले स्थानीय पाठ्यक्रमको आवश्यकता परेको देखिन्छ । नेपालमा औपचारिक रुपमा प्राथमिक शिक्षा पाठ्यक्रम - २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था अनुरुप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्ययन अध्यापन गर्ने व्यवस्था गरेको थियो । तर उक्त व्यवस्था प्रभावकारी कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठयक्रमलाई समेत विशेष महत्व दिदै यसलाई केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन,सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रुपमा समावेश गर्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुदैन भन्ने कुरा निक्यौल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययन समेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) को पाठयक्रम २०६९ मा साप्ताहिक ५ पाठ्यभार १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय समावेश गरिएको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को वि.स. २०७५ ज्येष्ठ १८ गतेको वैठकले सिफारिस गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा (१-३) मा ५ पाठ्यघण्टा अर्थात वार्षिक १६० घण्टा र कक्षा (४-८) मा यसका लागि ४ पाठ्यघण्टा अर्थात १२८ घण्टा छुट्याइएको र नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

यस पाठ्यक्रमले मोलुङ गाउँपालिका क्षेत्र भित्रका विशिष्ट पहिचानलाई उजागर गर्दछ । आधारभूत तहको कक्षा (१-८) मा अध्ययनरत बालवालिकाहरुले औपचारिक रुपमा आफनो गाँउ, समाज, भूगोल, प्राकृतिक सम्पदा, यहाँका प्रचलित भाषा, सँस्कृति, ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरु  पर्यटकीय क्षेत्रहरु साथै परम्परागत तथा प्रचलित सिप, कला, पेसा र व्यवसायको पहिचान गरी यसको संरक्षण गर्न विद्यार्थीहरुलाई प्रोत्साहित गर्नेछ । यस पाठ्यक्रमले बालवालिकालाई मोलुङ गाउँपालिकाको बारेमा स्पष्ट खाका प्रस्तुत गरी यहाँ रहेका प्राकृतिक, ऐतिहासिक, पेशा, व्यवसाय, प्रविधि, जैविक विविधता, पर्यटकिय क्षेत्रको सम्भावना र धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको बारेमा जानकारी दिने उद्देश्य राखी निर्माण गरिएको छ । मोलुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीवि, शिक्षक, विद्यार्थी, अभिभावक,विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, गाउँपालिकाका सदस्यहरु, विषयविज्ञ लगायत सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला, बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा स्थानीय पाठ्यक्रम हाम्रो मोलुङ (कक्षा १-८) का लागि निम्न विषय वस्तु समावेश गरिएको छ :

**(कक्षा १-३) का विषयवस्तुहरु**

क.हाम्रो समुदाय र हाम्रो विद्यालय

ख.हाम्रो वरपरका जीवजन्तु र वनस्पतिहरु

ग.मेरो सिर्जना र हाम्रा क्रियाकलाप

घ.हाम्रो संस्कृति

ङ.हाम्रो वरपरको संसार

**(कक्षा ४-५) का विषयवस्तुहरु**

क. भौगोलिक अवस्था

ख. प्राकृतिक प्रकोप तथा विपद् र सुरक्षित विद्यालय

ग. पर्यटकीय स्थानहरु

घ.जैविक विविधता

ङ.परम्परागत तथा प्रचलित स्थानीय सिप कला पेसा र व्यवसाय

च. धार्मिक तथा सांस्कृतिक सम्पदाहरु

**(कक्षा ६-८) का विषयवस्तुहरु**

क. भौगोलिक अवस्था

ख. पर्यटकिय स्थानहरुको परिचय र सम्भावना

ग. जैविक विविधता र वातावरण

घ.परम्परागत तथा प्रचलित स्थानीय सिप कला पेसा र व्यवसाय

ङ.धार्मिक तथा सांस्कृतिक सम्पदाहरु

च. सरसफाई र फोहोर व्यवस्थापन

यो पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि कक्षा (१-४ र ६-७) सम्म लागु गरिने छ। साथै शैक्षिक सत्र २०८० देखि कक्षा (५ र ८)मा लागु गरिने छ।

# २ स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट कक्षा (१-८) स्थानीय पाठ्क्रमको निर्माण स्थानीय तहबाटै गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ। बालवालिकाको सिकाइ आफ्नो घर, गाँउ र समुदायवाट शुरु हुन्छ। त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ समुदायको, भौगोलिक अवस्था, प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरु, धार्मिक सास्कृतिक तथा सामाजिक मूल्य र मान्यताहरु र प्रचलित पेसा, व्यवसाय, जैविक विविधता, पर्यटकीय स्थानहरु आदिको जानकारी हुनु पर्दछ। स्थानीय पाठ्यक्रम “हाम्रो मोलुङ” निर्माण गर्नुको आवश्यकता निम्नानुसार रहेका छन् :

क) मोलुङ गाउँपालिकाको परिचय दिन ,

ख) मोलुङमा रहेका ऐतिहासिक तथा पर्यटकीय स्थलको जानकारी दिई त्यसको संरक्षण प्रचार प्रसार गर्न,

ग) मोलुङ गाउँपालिका भित्र रहेका जैविक विविधताको परिचय दिइ संरक्षण गर्न,

घ) मोलुङ गाउँपालिकामा प्रचलित स्थानीय सिप, कला, पेसा र व्यवसाय संरक्षण गर्न,

ङ) मोलुङ गाउँपालिकामा रहेका धार्मिक, सामाजिक तथा सांस्कृति सम्पदाहरुको संरक्षण गर्न,

च) प्राकृतिक प्रकोप तथा विपद्बाट सुरक्षित विद्यालयको अवधारणा दिन ।

## ३. स्थानिय पाठ्यक्रमको औचित्य :

मानिसले आफ्नो पहिचानको लागि सर्वप्रथम आफ्नो गाँउ, समुदाय र त्यहाँ भएका प्राकृतिक ऐतिहासिक, धार्मिक, साँस्कृतिक, आर्थिक क्रियाकलापहरुको जानकारी हुनुपर्दछ । हामीले देशको विकास गर्नका लागि पहिला आफू र आफ्नो क्षेत्रबाट सुधार गर्नु पर्दछ । स्थानीय स्तरका व्यवसाय, पेसा, सिप, एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख,उत्पादनमुखी, सिपयुक्त नागरिक तयार गर्ने तथा नेपाली कला, सौन्दर्यहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य रहेको छ । केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय तहको आवश्यकता पूरा गर्न नसक्ने भएकोले स्थानीय पाठ्यक्रमको औचित्य रहेको छ । मोलुङ गाउँपालिकाले यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक, पर्यटकीय धार्मिक महत्वका स्थलहरु, जैविक विविधता,प्राकृतिक सम्पदा तथा स्थानीय पेसा, सिप र व्यवसाय समावेश गरी यो पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछ :

क. परम्परागत पेसा र व्यवसाय संरक्षण, सम्वर्द्धन तथा विकास गर्न सहयोग पुर्‍याउन,

ख. स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापीकरण गर्न,

ग. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, धार्मिक, सामाजिक, आर्थिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न,

घ. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन,

ङ. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न,

च. स्थानीय आवश्यकतालाई सम्बोधन गरि स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउन,

छ. स्थानीय पाठ्यक्रम मार्फत सिकाईलाई व्यवहारिक तथा प्रभावकारी तुल्याउन,

ज. जैविक विविधताको संरक्षण गर्न,

झ. विभिन्न प्राकृतिक तथा अन्य विपद्बारे सचेत रहन ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरु

**राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन्**

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक,समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयारगर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्तितयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरवगर्ने नागरिक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षमनागरिक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्न ।

## ५.विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नु पूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुनेछ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष वधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ ।

### तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ६. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

## ६.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

### तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | जम्मा | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।

## ६.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

### तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्वन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | आफ्नो सेरोफरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति ( सामाजिक अध्ययन, तथा सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।) उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिप अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

२. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास,सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

३. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमाआधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकास सम्वन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनु पर्ने छ ।स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ,अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

४. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषय बाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धति अनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

५. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्त अनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिनेछ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

६. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमाहाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

## ६.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ। गणित अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञानतथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा अन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिपविकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनु पर्दछ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने

छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहकोसहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ ।यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघटगरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ६.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

| क्र.स. / विषय | साधारण | संस्कृत शिक्षा / गुरुकुल / वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार / मदरसा शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| | | | जम्मा | ३२ | १०२४ |

# ७. आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू

आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्न बमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,

३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,

६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता,

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास,

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग,

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

## ८. कक्षागत सक्षमताहरु

यस पाठ्यक्रम कार्यन्वयनपश्चात आधारभुत तह कक्षा (१-८) का बालबालिकाहरुमा निम्न अनुसार सक्षमताहरु हाँसिल हुनेछ :–

### कक्षा १

१. प्राकृतिक प्रकोप तथा विपद्को सामान्य जानकारी,

२. मोलुङ गा.पा. भित्र रहेका पर्यटकीय ठाउँहरुको पहिचान,

३. आफ्नो घर वरपर पाइने घरपालुवा जनावर पशुपंक्षी तथा वनस्पतिहरुको पहिचान,

४. विभिन्न कृषि सम्वन्धी बालीनालीको पहिचान,

५. आफ्नो घरमा गरिने परम्परागत सिपहरुको बोध,

६. आफ्नो टोल र विद्यालय आसपासका धार्मीक स्थलहरुको पहिचान,

७. अवलोकनका आधारमा अग्लो, होचो र समथर भूमिको सामान्य चिनारी,

८. आफ्नो वरपरका नदी, जङ्गलको पहिचान ।

**कक्षा २**

१. आफू बसेको ठाउँमा हुन सक्ने प्रकोप तथा विपद्सँग सचेतता र सावधानी ,

२. मोलुङ गा.पा. भित्र रहेका पर्यटकीय क्षेत्रहरुको सूची तयार,

३. आफ्नो समुदायमा पाइने घरपालुवा जनावार, पशु पंक्षि तथा वनस्पतिहरुको सूची तयार ,

४. विभिन्न व्यवसायको सामान्य चिनारी,

५. आफ्नो समुदाय नजिक रहेका धार्मीक स्थलहरुको अवलोकन र बोध,

६.आफ्नो समुदायमा प्रचलित चाडपर्वहरुको परिचय,

७. आफ्नो गाउँपालिका भित्रकामुख्य टारहरु, बेसीहरु, गाउँहरुको पहिचान,

८. आफ्नो गाउँपालिका भित्रका मुख्य खोलाहरु पहिचान ।

**कक्षा ३**

१. विपद् र यसबाट बच्ने उपायहरूको अवलम्बन,

२. वडा भित्रका पर्यटकीय स्थानको जानकारी,

३. आफ्नो वडा क्षेत्रमा पाइने घरपालुवा तथा जंगली जनवार पशुपंक्षी तथा वनस्पतिहरुको सूची निर्माण,

४. विभिन्न प्रकारका तरकारी खेतीको पहिचान,

५. स्थानीय स्तरमा हुने सांस्कृतिक गतिविधिमा सहभागीता र अपनत्व महसुस ,

६. आफ्नो गाउँपालिकामा प्रचलित विभिन्न स्थानीय सिप, कला, पेसा र व्यवसायको चिनारी,

७. नेपालको नक्सा हेरी हिमाल, पहाड र तराईको पहिचान,

८. मोलुङ गाउँपालिकाको नक्सा हेरी जंगल, नदी, झरना, बेसी, टार र गाउँको चिनारी ।

## कक्षा ४

१. विपद्हरुको कारण, असर र त्यसवाट बच्ने उपायहरुको पहिचान,

२. सुरक्षित वासस्थान र सुरक्षित विद्यालयबाट दैनिक जीवनमा हुने उपयोगको बोध,

३. पर्यटकीय क्षेत्रको चिनारी,

४. आफ्नो गाउँपालिकाअर्न्तगत पाइने वनस्पति, घरपालुवा तथा जङ्गली पशु पंक्षीहरुको पहिचान र उपयोग,

५. मोलुङ गाउँपालिकामा पाइने फलफूल खेतीको सामान्य चिनारी,

६. आफ्नो गाउँपालिका धार्मिक तथा सांस्कृतिक स्थलहरुको चिनारी,

७ आफ्नो गाउँपालिकामा प्रचलित चाडपर्वहरु मनाउने तरिकाको बोध,

८. गाउँपालिकाका वडाहरुको भौगोलिक अवस्थाको पहिचान ।

## कक्षा ५

१. विपद् व्यवस्थापन गर्न र सुरक्षित विद्यालयका अवधारणाको विकास,

२. पर्यटकीय स्थलहरुको पहिचान र वर्गीकरण,

३. आफ्नो  गाउँपालिकाका पाइने जलचर र औषधि जन्य वनस्पतिहरुको पहिचान ,

४. औषधिजन्य वनस्पति तथा काठजन्य वनस्पतिको दैनिक जीवनमा प्रयोग,

५. कृषि व्यवसायमा प्रयोग गरिने सामाग्रीहरुको पहिचान,

६. धान र मकै खेतीको जानकारी,

७. आफ्नो समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने उपायहरुको पहिचान,

८. आफ्नो गा.पा.को भौगोलिक स्वरुपको पहिचान ।

## कक्षा ६

१. सरसफाइ र फोहोर व्यवस्थापनको जानकारी,

२. पर्यटनको महत्व बोध,

३. आफ्नो गाउँपालिका भित्र रहेका दुर्लभ वनस्पति तथा पशुपन्छीहरुको पहिचान र संरक्षणका उपायहरुको बोध,

४. टनेलमा गरिने तरकारी खेतिको परिचय, आवश्यकता र महत्वको बोध,

५. टनेलमा टमाटर खेती गर्ने तरिकाको जानकारी,

६. धार्मिक,जातजातिगत र मातृभाषागत बनोटको बोध,

७. मोलुङ गाउँपालिकाको स्वस्थ्य र शिक्षाको अवस्थाको जानकारी,

८. मोलुङ गाउँपालिकामा रहेका सेवाप्रदायका संस्था र तिनीहरुले प्रदान गर्ने सेवाहरुको पहिचान ।

**कक्षा ७**

१.सरसफाइ स्वस्थकर खाना र फोहोर व्यवस्थापनको अवधारणा,

२.. सरसफाइ र फोहोर व्यवस्थापनमा व्यवस्थापकीय भूमिकाको अवधारणा,

३. पर्यटक प्रवर्धनमा हाम्रो भूमिकाको अवधारणा,

४. जैविक विविधता र वातावरणको परिचय,

५. जैविक विविधताको महत्व वोध,

६. परम्परागत सिपको संरक्षण र जगेर्ना,

७. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको भेषभूषा र रीतिरिवाजको पहिचान,

८. मोलुङ गाउँपालिकामा रहेको हावापानी र वनजङ्गलको विविधताको बोध ।

**कक्षा ८**

१. फोहोर व्यवस्थापन र उपभोक्ता हक, हितमा स्थानिय तहको भूमिकाको पहिचान,

२. घना बस्तीको अवधारणाको विकास,

३. घना बस्ती विकासको लागी पूर्वधारको पहिचान र यसको फाइदाको बोध,

४. पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्धनमा स्थानियतहको भूमिकाको जानकारी,

५. जैविक विविधतामा परेका असरहरु तथा संरक्षणका उपायहरुको पहिचान,

६. परम्परागत सिपको संरक्षण र जगेर्ना,

७. कृषि व्यवसायका चुनौतिहरु र कृषिमा आधुनिकीरणको धारणा विकास,

८. धार्मिक सहिष्णुता र सामाजिक सद्भावको अवधारणा विकास र आवश्यकताको बोध,

९. धार्मिक, सास्कृतिक रीतिरिवाजको जगेर्ना र सामाजिक कुरीतिहरुको उन्मूलन लागी हाम्रो भूमिकको धारणा विकास ,

१०. मोलुङ गाउँपालिकाको नक्सा कोर्ने र प्रमुख स्थानहरु संकेतको प्रयोग गरि देखाउने सिपको विकास,

११ समृद्ध मोलुङको अवधारणा र समृद्ध मोलुङ बनाउन सरकारको भूमिकाको जानकारी ।

## ९. विषयवस्तुको विस्तृतीकरण

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| **हाम्रो समुदाय र हाम्रो विद्यालय** | १.प्राकृतिक प्रकोप तथा विपद्को परिचय दिई नाम बताउन । | १.घर तथा विद्यालय वरपर घटेका विपद्हरू जस्तै आगलागी, डडेलो, चट्याङ, बाढी पहिरो, आदि ।<br>२.विपद्बाट जोगिन घर तथा विद्यालयमा गर्न सकिने प्रयासहरु (जस्तै, आगोको काम सकिए पछि निभाउँने, गड्याङगुडुङ गरेको बेला घर बाहिर ननिस्किने) । | १.विपद्( आगलागी, डडेलो, चट्याङ, बाढी पहिरो ) को प्रत्यक्ष अवलोकन, कुराकानी, चित्रात्मक प्रस्तुतिबाट बाढी, पहिरो, रोगब्याधी, आगलागी, चट्याङ लगायतका विपद्हरूबारे सिकारुलाई सुसूचित गर्ने।<br>२.विपद्बाट जोगिन स्थानीय स्तरमा गरिएका प्रयासको चित्र र भिडियो क्लिप्स प्रदर्शन गरी विद्यार्थीहरुलाई सचेत गराउने । | १.विपद् सम्बन्धी गतिविधिका भिडियो वा चित्रात्मक प्रस्तुति गरेर विपद्का नामहरू सोध्ने ।<br>२.विभिन्न विपदसम्वन्धी घर र विद्यालयमा अपनाउन सकिने सुरक्षात्मक उपायहरूको चित्रात्मक प्रस्तुति गर्दै के कसरी बच्न सकिन्छ ? भन्नुहोस । | २४ |
| हाम्रो वरपरका जिवजन्तु र वनस्पतिहरु | आफ्नो घर वरपर पाइने घरपालुवा जनावर पशुपक्षी तथा वनस्पति हरुको नाम बताउन । | १. आफ्नो घर वरपर पाइने घरपालुवा जनावरहरु गाई, भैंसी, बाखा आदी ।<br>२. आफ्नो घर वरपर पाइने पंक्षीहरु कुखुरा, हाँस, परेवा आदि ।<br>३. आफ्नो घर वरपर पाइने वनस्पतीहरु वर, पीपल, | १. विद्यार्थीहरुलाई ४/५ जनाको समुह निमार्ण गरि छलफल गराई आ-आफ्ना घरमा भएका जनावरहरुको नाम भन्न लगाउने ।<br>२. विभिन्न जनावरका चित्र प्रस्तुत गरी थप प्रस्ट पार्ने ।<br>३. अवलोकन भ्रमण गराई विद्यालय वरपर रहेका बोट बिरुवाहरुको | १. तिम्रो घरमा भएका कुनै ३ ओटा घर पालुवा जनावरको नाम बताऊ ।<br>२. तिम्रो घर वरिपरि रहेका कुनै ५ ओटा बिरुवाको नाम बताऊ ।<br>२. तिम्रो घर वरिपरि रहेका कुनै ३ ओटा पंक्षीको नाम | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चिलाउने, सल्लो आदि । | परीचय गराउने । | बताऊ । | |
| मेरो सिर्जना र हाम्रा क्रियाकलाप | विभिन्न कृषि सम्वन्धी बालीनालीको नाम बताउन ।<br>आफ्नो घरमा गरिने परम्परागत सिपहरुको नाम बताउन । | विभिन्न बालीनाली जस्तै धान, मकै, गहु, कोदो, आलु, आदि ।<br>आफ्नो घरमा गरिने परम्परागत सिपहरु जस्तै, चोया काड्ने, डोको बुन्ने, महि पार्ने, गारो लगाउने इत्यादी । | स्थानिय स्तरमा उत्पादित कृषि जन्य वस्तुहरु चित्र सहित शिक्षण सिकाई सहजिकरण गर्ने<br>विद्यालय वरपर रहेका विभिन्न वालिनालीको अवलोकन भ्रमण गराउने ।<br>घरमा गरिने परम्परागत सिपहरुको चित्र तथा भिडियो Clips देखाउने । | तिमीले देखेका कुनै २ वटा बालीनालीको नाम भन्नुहोस् ।<br>घरमा गरिने परम्परागत सिपहरुको चित्र तथा भिडियो Clips देखाइ तिनिहरुको नामहरु भन्न लगाउने । | २६ |
| हाम्रो संस्कृति | आफ्नो टोल र विद्यालय आसपासका धार्मिक तथा सास्कृतिक स्थलहरुको नाम बताउन । | आफ्नो टोल र विद्यालय आसपासका धार्मीक स्थलहरु जस्तै : मन्दिर, देवीथान, वौद्ध, गुम्बा, चर्च, चौतारा, पधेरा आदी । | १.आफ्ना घर र विद्यालय वरपर रहेका धार्मिक तथा सास्कृतिक स्थलहरुको परिचय गराउने ।<br>२.शिक्षकले समुदायमा रहेका धार्मिक तथा सास्कृतिक स्थलहरुको फोटो,भिडियो तथा चित्र प्रर्दशन गर्ने ।<br>३.नजिक रहेका धार्मिक तथा सास्कृतिक स्थलहरुको भ्रमण गराउने । | १. तिम्रो नजिक रहेको धार्मीक स्थलको नाम बताऊ ।<br>२. मन्दिर, गुम्बाको चित्रका रङ भर्नलगाउने<br>नजिक रहेका धार्मिक तथा सास्कृतिक स्थलहरुको चित्र तथा भिडियो देखाइ चिन्न लगाउने । | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो वरपरको संसार | १.मोलुङ गा.पा. भित्र रहेका पर्यटकीय ठाउँहरुको नाम बताउन।<br>२.अवलोकनका आधारमा आफ्नो वरपरका अग्लो, होचो र समथर भूमि छुट्याउन ।<br>३. आफ्नो वरपरका नदि, जङ्गलको नाम भन्न । | १.पर्यटकिय ठाउँको नामहरु : सेप्ली झरना, जलजलेश्वर मन्दिर, कुन्तादेवी मन्दिर, कालिका मन्दिर, वरुणेश्वर महादेव मन्दिर, शहिद पार्क, तिनतल्ले, मोलुङ हाइड्रोपावर।<br>२.आफ्नो वरपरका अग्लो, होचो र समतल भूमिहरु जस्तै, टार, भिर डाँडो आदि ।<br>३. आफ्नो वरपरका नदी खोल्सा र जङ्गलहरु जस्तै : खोल्सा, मोलुङ खोला, सामुदायिक वन आदी । | १. स्थानीय पर्यटकीय क्षेत्रहरुको चित्र संकलन गरी पर्यटकीय ठाउँहरु चिनाउने ।<br>२. विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन गराउने ।<br>३. विद्यालय नजिकै रहेका अग्लो, होचो र समतल भूमिको चिनारी गराउने ।<br>४. घर वरपर रहेका नदी र जङ्गलको पहिचानका लागि नदी र जङ्गलको चित्रहरु प्रस्तुत गर्ने । | १. चित्र प्रस्तुत गरी कुन पर्यटकिय ठाउँ हो सोध्ने ।<br>२.आफ्नो घर नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने ।<br>३. विद्यालय नजिकै रहेका अग्लो, होचो र समतल भूमिको चित्र वा फोटो देखाई चिन्न लगाउने ।<br>४. आफ्ना घर वरपर रहेका नदी र जङ्गलको नाम भन्न लगाउने । | ५७ |

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाई क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| हाम्रो समुदाय र हाम्रो विद्यालय | १.आफू बसेको ठाउँमा हुन सक्ने प्रकोप तथा विपद्सँग परिचीत हुन ।<br>२.आफू बसेको ठाउँमा हुन सक्ने प्रकोप तथा विपद्सँग सचेत रहन । | १.आफू बसेको ठाउँमा घट्न सक्ने विपद्हरुजस्तै आगलागी, डढेलो,हुरीबतास,तुसारो, हिमपात चट्याङ, बाढी पहिरो, इत्यादि ।<br>२.विपद्बाट जोगिन गर्न सकिने प्रयासहरु । | १.आफू बसेको ठाउँमा घट्न सक्ने विपद्हरु जस्तै आगलागी, डढेलो,हुरीबतास,तुसारो, हिमपात चट्याङ, बाढी पहिरो, छलफल गराइ स्पष्ट पारिदिने ।<br>२.आफू बसेको ठाउँमा घटेका विपद्हरुजस्तै आगलागी, डढेलो,हुरीबतास,तुसारो, हिमपात, चट्याङ, बाढी पहिरो,आदीकाक्षतीको सम्भव भएसम्म अवलोकन गराउने ।<br>३. विपद्बाट जोगिन गर्न सकिने प्रयासहरु चित्र, चार्ट प्रस्तुत गरि सूची तयार गर्न लगाउने । | १. आफू बसेको ठाउँमा घट्ने कुनै ४ वटा विपद्हरुको नाम लेख्नुहोस ॥<br>२.कुनै ठाउँमा आगलागी भयो भने तिमी के गर्छौ ?<br>३.बाढी पहिरोबाट कसरी बच्न सकिन्छ ? कुनै ५ वटा उपायहरुको सूची तयार पार्नुहोस। | ३० |
| हाम्रो वरपरका जीवजन्तु र वनस्पतिहरु | आफ्नो समुदायमा पाइने घरपालुवा जनावर, पशु पंक्षी तथा वनस्पतिहरुको सूची तयार पार्न । | १.आफ्नो समुदायमा पाइने घरपालुवा जनावरहरु जस्तै, गाइ गोरु, भैसि, भेडाबाखा, बङ्गुर इत्यादी ।<br>२. आफ्नो समुदायमा पाइने पंक्षिहरु जस्तै, कुखुरा, हाँस, परेवा, टर्की, वट्टाई आदी । | १.आफ्नो समुदायमा पाइने घरपालुवा जनावरहरुका नामहरुको सूची तयार गर्न लगाउने ।<br>२. आफ्नो समुदायमा पाइने पंक्षीहरुका चित्र तथा फोटो देखाइ चिन्न लगाउने ।<br>३. शैक्षिक भ्रमण गराई आफ्नो | १. तिम्रो समुदाय भित्र रहेका कुनै ५ वटा घरपालुवा जनावरको नाम लेख्नुहोस ।<br>२. तिम्रो समुदायमा पाइने कुनै ५ वटा चराचुरुङगीको नाम भन ।<br>३. तिम्रो समुदायमा पाइने कुनै | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. आफ्नो समुदायमा पाइने वनस्पतिहरु जस्तै: वर, पीपल, चिलाउने, सल्लो, उत्तिस, गुराँस,बाँस, साल आदी । | समुदायमा पाइने वनस्पतिहरुका सूची तयार गर्न लगाउने । | १० वटा बिरुवाहरुको नाम लेख्नुहोस ॥ | |
| मेरो सिर्जना र हाम्रा क्रियाकलाप | आफ्नो समुदायमा प्रचलित विभिन्न स्थानिय सिप, कला, पेशा र व्यवसायको नाम वताउन । | १. आफ्नो समुदायका सिपहरु जस्तै : चोया काड्ने, डोको बुन्ने, महि पार्ने, गारो लगाउने, गुन्द्री बुन्ने,झ्याल ढोकाआदी बनाउने ।<br>२.विभिन्न व्यवसायहरु जस्तै : शिक्षण, होटल, कृषि, किराना पसल आदी । | १. आफ्नो समुदायमा भएका सिप र कलाहरुको जानकारी दिन शैक्षिक भ्रमण गराउने ।<br>२ आफ्ना समुदायमा संचालन हुने व्यवसायको नाम भन्न लगाई शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने ।<br>३. आफ्ना समुदायमा संचालन हुने पेशा तथा व्यवसायहरुको प्रत्यक्ष अवलोकन तथा चित्र र भिडियोहरु प्रस्तुत गर्ने । | १. आफ्नो समुदायमा संञ्चालनमा रहेका कुनै ४ वटा परम्परागत सिपको सूचीबनाऊ ।<br>२. तिम्रो समुदायमा रहेका कुनै ६ वटा व्यवसायको नाम भन्नुहोस् ।<br>३.तिम्रो परिवारमा रहेका सदस्यहरुको नाम नाता र पेशाको सूची अभिभावकलाई सोधि तयार पार । | २७ |
| हाम्रो संस्कृति | १.आफ्नो समुदायमा रहेका धार्मिक स्थलहरुको अवलोकन गरि परिचय दिन ।<br>२.आफ्नो समुदायमा प्रचलित चाडपर्वहरुको नाम वताउन । | १.आफ्नो समुदायमा रहेका धार्मिक स्थलहरु जस्तै : मठमन्दिर, प्रतिक्षालय, चौतारो, गुम्बा, चर्च आदी ।<br>२. आफ्नो समुदायमा प्रचलित चाडपर्वहरु जस्तै : दशै, तिहार ल्होछार, क्रिसमस माघे संक्रान्ति, चण्डी पूर्णिमा, तिज आदि | १.आफ्नो समुदायमा रहेकामठमन्दिर, प्रतिक्षालय, चौतारो, गुम्बा, चर्चको अवलोकन भ्रमण गराई ती धार्मिक स्थलहरु कुन कुन धर्म संग सम्वन्धित छन् छुट्टयाउन लगाउने ।<br>२. समुदायमा मनाइने विभिन्न चाडपर्वहरुको सूची तयार पार्न लगाइ ति चाडपर्व कुन कुन जातिले मनाउँछन उल्लेख गर्न लगाउने। | १. चर्च कुन धर्मको धार्मिक स्थल हो ?<br>२. तीजमा गाइने कुनै गीत सामुहिक रुपमा गाउँ । | २८ |
| हाम्रो वरपरको संसार | १.आफ्नो गाउँपालिका भित्रकामुख्य टारहरु, बेसीहरु, गाउँहरुको नाम वताउन । | १. आफ्नो गाउँपालिका भित्रका टारहरु जस्तै, रामपुरटार, जरायोटार, | १. गाउँपालिका भित्रका टारहरु बेसीहरु, गाउँहरु र मुख्य नदीहरुको फोटोहरु तथा भिडियो Clips देखाई | १. आफ्नो गाउँपालिका भित्रका कुनै ३ वटा टारको नाम लेख्नुहोस । | ४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. आफ्नो गाउँपालिका भित्रका मुख्य खोलाहरुका नाम बताउन ।<br>३ मोलुङ गा.पा. भित्र रहेका पर्यटकीय क्षेत्रहरुको सुची तयार गर्न। | फागुनेटार आदी<br>२. आफ्नो गाउँपालिका भित्रका बेसीहरु जस्तै ढाडँबेसी, डुडेबेसी, कोलेवेसी आदी ।<br>३. आफ्नो गाउँपालिका भित्रका गाउँहरु जस्तै, : पात्ले, श्रीचउर, रागाँदिप, प्राप्चा आदी ।<br>४. आफ्नो गाउँपालिका भित्रका मुख्य खोलाहरु जस्तै : मोलुङ खोला, सोलुङ खोला, पोक्तीङ खोला, कुलु खोला आदि ।<br><br>५पर्यटकीय ठाउँहरु सेप्ली झरना, धोवीखोला झरना, जलजलेश्वर मन्दिर, कुन्तादेवी मन्दिर, कालिका मन्दिर, वरुणेश्वर महादेव मन्दिर, श्री डेछेन छोलिङ सेन्दुप गुम्वा, शहिद पार्क, ओडारे गुफा, तिनतले, मोलुङ हाइड्रोपावर। | पहिचान गर्न लगाउने ।<br><br>२.स्थानिय पर्यटकीय क्षेत्रहरुको चित्र, फोटो र भिडियो संकलन गरी पर्यटकिय ठाउँहरु चिनाउने ।<br>३.आफ्ना वरपर रहेका पर्यटकिय ठाउँहरु, पर्यटकिय क्षेत्रहरु मन्दिर, गुम्वा, पार्क र रमणिय स्थलहरुमा वर्गीकरण गर्न लगाउने । | २. आफ्नो गाउँपालिका भित्रका कुनै ५ वटा गाउँहरुको नाम टिपोट गर ।<br>३. आफ्नो गाउँपालिका भित्रका कुनै ३ वटा वेसीहरुको नाम लेख्नुहोस ।<br><br>४. चित्र, फोटो र भिडियो देखाइ पर्यटकीय क्षेत्र चिनेर नाम लेख्न लगाउने ।<br>५ जलजलेश्वर कुन पर्यटकीय क्षेत्रमा पर्छ?<br>६.आफ्नो घर नजिकै रहेको रमणीय स्थलको नाम भन्न लगाउने । | |

## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिर्का क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| **हाम्रो समुदाय र हाम्रो विद्यालय** | विपद् र यसबाट बच्ने उपायहरू अबलम्बन गर्न । | १.आफु बसेको क्षेत्रमा हुने विपद्का कारणहरु जस्तै : वनजङ्गल फँडानी, प्रदुषण, मानविय त्रुटि, प्राकृतिक कारण आदी ।<br>२.विपद्वाट हुने क्षतिहरु जस्तै :मानविय क्षति, आर्थिक क्षति, भौतिक क्षति आदी ।<br>३. सुरक्षित रहने उपायहरु जस्तै : जनचेतना, वृक्षारोपण,प्रदुषण नियन्त्रण आदी ।<br>४. सुरक्षित विद्यालयको अवधारणा जस्तै : भुकम्प प्रतिरोधि भौतिक संरचना निमार्ण, विद्यालय भित्र खुल्ला ठाँउको व्यवस्था, सुरक्षित ठाँउमा विद्यालय निर्माण इत्यादि । | १. आफू बसेका क्षेत्रमा हुने विपद्का कारणहरुको शिक्षण गर्न प्रश्नोत्तर, सन्दर्भ सामग्री तथा पम्प्लेट र पोष्टरको उपयोग गर्ने ।<br>२. विपद्वाट हुने क्षतिहरु जस्तै :मानविय क्षति, आर्थिक क्षति, भौतिक क्षति बारे भिडियो फुटेज तथा फोटो प्रदर्शन गर्ने ।<br>३. विपद्बाट सुरक्षित रहने उपायहरु समूह छलफल गराउने ।<br>४.सुरक्षित विद्यालयको अवधारणा निमार्ण गर्न सुरक्षित विद्यालयहरुमा स्थलगत भ्रमण गराउँने सम्भव नभए सुरक्षित भिडियो Clips प्रस्तुत गर्ने । | १.प्रदूषणलाई किन विपदको कारण मानिन्छ भन्नुहोस ।<br>२. विपद्वाट हने कुनै चार ओटा आर्थिक क्षतिको सूची तयार गर्नुहोस ।<br>३. विपदबाट सुरक्षित रहने कुनै २ वटा उपायहरु लेख्नुहोस ।<br>४ सुरक्षित विद्यालय हुन के के आवश्यक पर्दछ लेख्नुहोस । | ३० |
| हाम्रो वरपरका जीवजन्तु र वनस्पतिहरु | आफ्नो वडा क्षेत्रमा पाइने घरपालुवा तथा जंगली जनावर | १. आफ्नो वडा क्षेत्र भित्र पाइने घर पालुवा र जङ्गली जनावर तथा पंक्षीहरु जस्तै : गाई, गोरु, भैंसी, भेडा बाखा, बङ्गुर, स्याल | १. आफ्नो वडा क्षेत्र भित्र पाइने घर पालुवा र जङ्गली जनावर तथा पंक्षीहरुको सूची तयार पार्न लगाउने।<br>२. आफ्नो वडा क्षेत्र भित्र पाइने र | १. तिम्रो वडा भित्र पाइने कुनै ५/५ वटा घरपालुवा र जङ्गली जनावरहरुको सूची तयार पार ।<br>२. तिम्रो वडा भित्र पाइने कुनै | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पशुपंक्षि तथा वनस्पतिहरुको नाम बताउन । | चितुवा, मृग, घोरल बाँदर, ढेडु, कुखुरा, हाँस, परेवा, टर्की, बट्टाई ,कालिज,ढुकुर ,भंगेरा, रुपि, काग आदी ।<br>२. आफ्नो वडा क्षेत्र भित्र पाइने जंगली वनस्पतिहरु जस्तै : वर, पीपल, चिलाउने, सल्लो, उतिस्स,गुराँस,बाँस, साल, खसु, सिमल,मौवा, बडहर आदी ।<br>३. आफ्नो वडा क्षेत्र भित्र पाइने फलफुलका रुखहरु जस्तै : काफल, आँप, कटहर, अम्वा, खुर्पाने, कागती, निबुवा भोगटे इत्यादि । | आफूलाई मन परेको घरपालुवा जनावर र पंक्षीको चित्र बनाउन लगाउने ।<br>३. आफ्नो वडा क्षेत्र भित्र पाइने घर पालुवा र जंगली जनावर तथा पंक्षीहरु र वनस्पतिको फोटो वा चित्र देखाई चिन्न लगाउने ।<br>४. आफ्नो वडामा क्षेत्रमा पाइने फलफूलको नाम लेख्न लगाउने । | १० वटा चराचुरुङ्गीहरुको नाम लेख्नुहोस ।<br>३. तिम्रो वडा भित्र पाइने कुनै १५ वटा वनस्पतिहरुको सूची तयार पार ।<br>४. तिम्रो वडा भित्र पाइने कुनै ५ वटा फलफूलको सूची तयार पार ।<br>५.गाईको चित्र बनाई रङ भर । | |
| मेरो सिर्जना र हाम्रा क्रियाकलाप | १.विभिन्न तरकारी खेतिको परिचय बताउन ।<br>२. आफ्नो गाउँपालिकामा प्रचलित विभिन्न स्थानीय सिप, कला, पेशा र व्यवसायको नाम बताउन । | १.विभिन्न तरकारी खेति जस्तै : लसुन, प्याज, काउली, वन्दा, सिमी, साग, टमाटर, आलु, खुर्सानि आदि ।<br>२. आफ्नो गाउँपालिकामा सिपहरु जस्तै : डोको, डालो भकारी, नाङ्लो बुन्ने, गारो लगाउने, गुन्द्री बुन्ने,फर्निचर बनाउने,फलामका हातहतियार बनाउने ढिकि जातो बनाउने इत्यादि । | १.आफ्नो करेसाबारीमा रहेका तरकारीहरुको नाम सूचीकरण गर्न लगाउने ।<br>२.छलफल विधिको प्रयोग गरी आफ्नो गाउँपालिकामा सिपहरु सुचि वनाउन लगाउने ।<br>३. अभिभावकलाई सोधि गाउँपालिकामा संञ्चालन हुने व्यवसायको नामको सूचि बनाउन लगाउने । | १. तिम्रो घरमा गरेका तरकारी खेतिको नाम भन ।<br>२.आफ्ना गाउँपालिकामा प्रचलित कुनै ५ वटा परम्परागत सिपहरुको सूचीबनाउनुहोस ।<br>३.तिम्रो गाउँपालिमा गरिने व्यवसायको नाम लेख्नुहोस । | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३.विभिन्न व्यवसायहरु जस्तै : शिक्षण, होटल, कृषि, किराना पसल, सेवा, उधोग, आदी । | | | |
| हाम्रो संस्कृति | आफ्नो समुदायमा हुने धार्मिक तथा सांस्कृतिक गतिविधिमा सहभागीता जनाउन र अपनत्व महसुस गर्न । | आफ्नो समुदायमा हुने सांस्कृतिक गतिविधिहरु जस्तै : चण्डि नाँच, देवाली, संन्सारी पुजा, घेवा, पित्र, धुप तिजको नाँच आदि । | १.आफ्नो समुदायमा मनाइने चण्डि नाँच, देवाली, संन्सारी पुजा, घेवा, पित्र, धुप, तिजको नाच जस्ता सांस्कृतिक गतिविधिहरुमा संलग्न गराई मनाउने तरिका छलफल गराउने ।<br>२.आ-आफ्नो सास्कृतिक पर्वहरुमा सहभागी हुन लगाई अपनत्व महसुस गराउने ।<br>३. शिक्षकले दिएको प्रतिवेदनको ढाँचामा खालिठाँउ भराइ प्रतिवेदन तयार गर्न लगाउने । | १. तिम्रो समुदायमा मनाइने कुनै २ वटा सांस्कृतिक गतिविधिहरुको नाम लेख्नुहोस ।<br>२. तिम्रो समुदायमा तिज नाच कसरी मनाइन्छ ? लेख्नुहोस । | २८ |
| हाम्रो वरपरको संसार | १.वडा भित्रका पर्यटकीय स्थानको परिचय दिन ।<br>२.नेपालको नक्सा हेरेर हिमाल पहाड तराईको पहिचान गर्न ।<br>३.मोलुङ गाउँ | १. आफ्ने विद्यालय रहेको वडा भित्रका पर्यटकिय स्थानहरु जस्तै : रमणिय ठाँउ धार्मिक, पुरात्वातिक तथा सास्कृतिक ठाँउहरु आदी ।<br>२. नेपालको नक्सामा भौगोलिक क्षेत्रहरु हिमाल पहाड र तराईको पहिचान<br>३. मोलुङ गाउँपालिकाको | १ आफ्नो विद्यालय रहेको वडा भित्रका पर्यटकिय स्थानहरु भ्रमण गराई त्यस ठाँउको विस्तृत (उत्पति, महत्व, विशेष दिन) जानकारी गराउने ।<br>२.शिक्षकले स्थलगत भ्रमणको प्रतिवेदनको ढाँचा विद्यार्थीहरुलाई दिई प्रतिवेदन भर्न लगाउने । | १. आफ्नो विद्यालय रहेको वडा भित्रका कुनै एउटा पर्यटकीय ठाँउको महत्व लेख्नुहोस ।<br>२.प्रतिवेदनको ढाँचामा प्रतिवेदन भर ।<br>३.आफु घुमेको ठाँउको चित्र कोर ।<br>४. नेपालको नक्सामा हिमाल, | ४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पालिकाको नक्सा हेरी जंगल, नदी, झरना बेसी टार गाउँ आदि चिन्न । | नक्सामा जंगल, नदी, झरना, बेसी, टार गाउँहरु आदि को पहिचान । | ३.आफु घुमेको ठाँउको चित्र कोर्न लगाउने ।<br>४. नेपालको प्राकृतिक नक्साको प्रर्दशन गरि हिमाल, पहाड र तराई छुट्याई क्षेत्रफलको आधारमा ठुलो सानो तुलना गर्न लगाउने।<br>५. मोलुङ गाउँपालिकाको नक्सामा जंगल, नदी, झरना, वेसी, टार गाउँहरु आदीको पहिचान गरि नाम लेख्न लगाउने ।<br>६.मोलुङ गाउँपालिकाको नक्सामा शिक्षकले तोकिदिएका क्षेत्रहरु पहिचान गरि रङ भर्न लगाउने । | पहाड र तराइ मध्ये कुन ठुलो र कुन सानो छ ?<br>५. मोलुङ गाउँपालिका कुन भौगोलिक क्षेत्रमा पर्दछ लेख्नुहोस ।<br>६. मोलुङ गाउँपालिकाको नक्सा हेरी कुनै ३ वटा गाउँहरुको नाम लेख्नुहोस ।<br>७.मोलुङ गाउँपालिकाको ट्रेस नक्सामा तिनतलेको जंगल क्षेत्रमा रङ भर । | |

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाई क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक अवस्था | १.मोलुङ गाउँपालिकाको वडाहरु भौगोलिक अवस्थाको परिचय । | १. आफ्नो तथा छिमेकी वडाको धरातलिय स्वरुप भन्न र सिमाना छुटयाउन ।<br>२. मोलुङ गाउँपालिकाको वडाहरुको भौगोलिक अवस्था ( वडाहरुको संख्या,क्षेत्रफलको तुलना) ।<br>३. पालिका भित्रका घना वस्तीहरु घना जंगलहरु, भिरहरु अग्ला डाँडाहरु भएका ठाँउहरु । | १. नक्साको आधारमा सिमानाको पहिचान गर्न लगाउने ।<br>२.अवलोकन गराइ मोलुङ गाउँपालिका भित्रका वडाहरुको धरातलिय स्वरुप चिनाउने ।<br>३ मोलुङ गाउँपालिकाको नक्सा देखाइ वडाको संख्या र क्षेत्रफलको तुलना गर्न लगाउने ।<br>४.अवलोकन वा फोटाहरुको प्रयोग गरि पालिका भित्रका घना वस्तीहरु घना जङ्गलहरु, भिरहरु अग्ला डाँडाहरु चिनाउने । | १. आफ्नो वडाको क्षेत्रफल लेख्नुहोस ।<br>२. तिम्रो वडाको भौगोलिक स्वरुप कस्तो छ ? लेख्नुहोस ।<br>३.क्षेत्रफलको आधारमा मोलुङ गाउँपालिकाको सबै भन्दा ठुलो र सबै भन्दा सानो वडा कुन कुन हुन? लेख्नुहोस । | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | १.मोलुङ्का पर्यटकीय ठाउँहरुको परिचय दिन ।<br>२. पर्यटनको परिभाषा दिन ।<br>३. आन्तरिक पर्यटन वाह्य पर्यटनको परिचय दिन । | १मोलुङ्का पर्यटकीय ठाउँहरु जस्तै : सेप्ली झरना, जल्जलेश्वर मन्दिर, उर्गेन छोलीङ गुन्वा, थानी ढुंगा ।<br>५. पर्यटनको परिचय ।<br>६. आन्तरिक पर्यटनको उदाहरण सहित परिभाषा ।<br>७. वाहय पर्यटनको उदाहरण सहित परिभाषा । | १. सम्वन्धित पर्यटकीय क्षेत्रको चित्र सहित परिचय दिने ।<br>२. सम्वन्धित पर्यटकीय क्षेत्रको चित्र बनाउन लगाउने ।<br>३. विद्यालयको नजिक रहेको पर्यटकीय क्षेत्रको अवलोकन गर्ने ।<br>४. आन्तरिक तथा वाहय पर्यटनको उदाहरण सहित छलफल गराउने । | १. उर्गेन छोलिङ गुम्वा कहाँ अवस्थीत छ ?<br>२. सेप्ली झरनाको लम्बाइ कति छ ?<br>३. पर्यटन भनेको के हो ? भन ।<br>४. वाहय पर्यटन भनेको के हो ? | २३ |
| जैविक विविधता | १. आफ्नो गाउँ पालिका अर्न्तगत पाइने वनस्पति, घरपालुवा तथा जंगली पशु पंक्षिहरुको सूची तयार पार्न ।<br>२.घरपालुवा पशु तथा पंक्षीको उपयोगिता वताउन । | १. आफ्नो गाउँ पालिका भित्र पाइने वनस्पतिहरु जस्तै : वर, पीपल, चिलाउने, सल्लो, उतिस्स, गुराँस, वाँस, साल, खसु, सिमल,मौवा, वडहर, आदी ।<br>२. आफ्नो वडा क्षेत्र भित्र पाइने घर पालुवा र जङ्गली जनावर तथा पंक्षीहरु जस्तै : गाइ गोरु, भैंसी, भेडा,च्याङ्ग्रा बाखा, बङ्गुर, स्याल चितुवा, भालु, मृग, घोरल, बाँदर, ढेडु, कुखुरा, हाँस, परेवा, टर्की, | १. आफ्नो गाउँ पालिका भित्र पाइने वनस्पति, घरपालुवा र जङ्गली जनावर तथा पंक्षीको चित्र, फोटो तथा भिडियो Clips देखाई शिक्षण गर्ने ।<br>२.घरपालुवा पशु तथा पंक्षीको उपयोगिता अभिभावकसँग सोधि छलफल गराउने । | १. तिम्रो गाउँपालिकामा पाइने कुनै ५ ओटा घरपालुवा जनवारहरुको नाम लेखि १/१ ओटा उपयोगिता लेख्नुहोस । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वट्टाई, कालिज,ढुकुर ,भंगेरा, रुपि, काग, लामपुच्छ्रे, भुडिफोर आदी ।<br>३.घरपालुवा पशु तथा पंक्षिको उपयोगिता । | | | |
| परम्परागत तथा प्रचलित स्थानिय सिप र कला, पेशा र व्यवसाय | १.मोलुङ गाउँपालिका भित्रको फलफुल खेतीको परिचय ।<br>२. मोलुङ गाउँपालिका भित्र फलफूल खेतीको सम्भावना वताउन ।<br>३. फलफूल खेतीबाट हुने फाइदाहरु बताउन । | १. मोलुङ गाउँपालिका भित्रको फलफूल खेतीहरु जस्तै : अम्बा, आपँ, खुर्पाने, आरु, केरा, रुख कटहर, मेवा इत्यादि ।<br>२.मोलुङ गाउँपालिका भित्र फलफुल खेतीको सम्भावना भएका क्षेत्रहरु जस्तै :<br>क. केरा, आपँ र लिचि: जलजले, रामपुर, फागुनेटार, जरायोटार आदी ।<br>ख. नास्पाति, सुन्तला, आरु, र खुर्पाने : रागाँदिप, श्रीचौर, पाल्ते,ढुस्के, थापाचौर आदि<br>३. फलफुल खेतीबाट हुने फाइदाहरु जस्तै : आर्थिक, खाद्यन्नको रुपमा, औषधिको रुपमा, आदि । | १. मोलुङ गाउँपालिका भित्रको फलफुल खेतिहरुका सूची तयार गर्न लगाउने<br>२. विभिन्न फलफुल खेतीहरुका चित्र देखाइ फलफूल चिन्न लगाउने ।<br>३.स्थलगत भ्रमण गराइ कुन कुन क्षेत्रमा कुन कुन फलफूल खेती गरिन्छ ? अवलोकन गराउने ।<br>४. फलफुल खेतीबाट हुने फाइदाहरु छलफल गराइ शिक्षण गर्ने । | १. तिम्रो घरमा पाइने कुनै चार वटा फलफूलका नाम लेख्नुहोस ।<br>२.कुनै एउटा फलफुलको चित्र बनाई रङ भर्नहोस् ।<br>३.मोलुङ गाउँपालिकामा सुन्तला पाइने क्षेत्रहरुको नाम लेख्नुहोस ।<br>४. फलफुल खेतीबाट हुने कुनै ३ वटा फाइदाहरु लेख्नुहोस । | २० |
| धर्मिक तथा सांस्कृतिक सम्पदाहरु | १.आफ्नो गाउँपालिका भित्र रहेका धर्मिक तथा | १. आफ्नो गाउँपालिका भित्र रहेका धर्मिक तथा सास्कृतिक | १.शैक्षिक भ्रमण गराइ आफ्नो गाउँपालिका भित्र रहेका धर्मिक तथा | १. मोलुङ गाउँपालिका भित्र रहेका प्रमुख ५ वटा | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| र चाडपर्वहरु | सास्कृतिक स्थलहरुको परिचय दिन ।<br>२. आफ्नो गाउँपालिकामा प्रचलित चाडपर्वहरुको मनाउने तरिका वताउन । | स्थलहरु जस्तै : मठमन्दिर, प्रतिक्षालय, चौतारो, गुम्बा, चर्च, कुवा, देउराली, संसारी थान, गुफा, आदी ।<br>२. आफ्नो गाउँपालिकामा प्रचलित चाडपर्वहरु जस्तै : दशै, तिहार, ल्होछार, क्रिसमस, माघे संक्रान्ति, चण्डी पूर्णिमा, तिज आदि<br>३. प्रचलित चाडपर्वहरु दशै, तिहार, ल्होछार, क्रिसमसको मनाउने तरिका । | सास्कृतिक स्थलहरुको वारेमा जानकारी दिने ।<br>२. आफ्नो गाउँपालिकामा प्रचलित चाडपर्वहरुको सूची तयार पार्न लगाउने ।<br>३. दसै, तिहार, ल्होशार, क्रिसमस मनाउने तरिका छलफल गराउने तथा डकुमेन्ट्री देखाउने । | धार्मिक स्थलहरुको नाम लेख्नुहोस् ।<br>२. आफ्नो गाउँपालिकामा प्रचलित कुनै ५ वटा चाडपर्वहरुको सूची तयार पार्नुहोस ।<br>३.दशै कसरी मनाइन्छ ? लेख्नुहोस् । | |
| प्राकृतिक प्रकोप तथा विपद् र सुरक्षित विद्यालय | १. विपद्हरुको कारण, असर र त्यसवाट बच्ने उपाय बताउन ।<br>२.सुरक्षित घर र विद्यालयको आवश्यकता र महत्व बताउन । | १. विपद्हरू झाडा पखाला, बाढिपहिरो, हुरी बतासको कारण, असर र यसबाट बच्ने उपायहरू।<br>२. सुरक्षित घर र विद्यालय को आवश्यकता र महत्व । | १. प्रश्नोत्तर, अनुभव आदानप्रदान जस्ता विधिहरूको प्रयोग गरि झाडा पखाला, बाढिपहिरो, हुरी बतासको कारण, असर र यसबाट बच्ने उपायहरू छलफल गराउने ।<br>२. सुरक्षित घर र विद्यालयको आवश्यकता र महत्वलाई प्रदर्शन विधिको प्रयोग गरि शिक्षण गर्ने । | १.झाडा पखाला हुने कुनै २ वटा कारणहरु लेख्नुहोस ।<br>२.हुरी वतासबाट बच्ने कुनै ३ वटा उपायहरु लेख्नुहोस ।<br>३.सुरक्षित घरको ३ ओटा महत्व लेख्नुहोस । | १५ |

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाई क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यक्रम ??? |
|---|---|---|---|---|---|
| भौगोलिक अवस्था | १ मोलुङ गाउँपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाको नाम बताउन ।<br>२. मोलुङ गाउँपालिकाको जनसंख्या क्षेत्रफल र भौगोलिक स्वरुप बताउन । | १. मोलुङ गाउँपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाको नाम जस्तै सुनकोशि गा. पा., खिजिदेम्बा गा. पा. सि.न.पा.आदी<br>२. मोलुङ गाउँपालिकाको जनसंख्या (कुल जनसंख्या, महिला र पुरुषको संख्या, धेरै र कम जनसंख्या भएका वडाहरु, धेरै जनसंख्या भएका जातजातीहरु आदी)<br>३.क्षेत्रफल ( मोलुङ गा.पा. तथा वडाको क्षेत्रफल)<br>४. भौगोलिक स्वरुप( मोलुङ गा.पा.को) । | १. मोलुङ गाउँपालिकाको भौगोलिक नक्सा हेरी मोलुङ गाउँपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाको नाम बताउन लगाउने ।<br>२. मोलुङ गाउँपालिकाको तथ्याङ्क शाखामा शैक्षिक भ्रमण गराइ मोलुङ गाउँपालिकाको जनसंख्या आवश्यक विवरणहरु लिने र तुलना गर्न लगाउने ।<br>३. मोलुङको वृतचित्र हेरी गाउँपालिकाको भौगोलिक स्वरुप शिक्षण गर्ने । | १. मोलुङ गा.पा.सँग सिमाना जोडिएका गाउँपालिकाहरुको नाम लेख्नुहोस<br>२. मोलुङ गा.पा.को कुल जनसंख्या कति रहेको छ ?<br>३. मोलुङ गा.पा. को धरातलिय स्वरुप कस्तो छ ? | २२ |
| पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | पर्यटकीय स्थलहरुको पहिचान र वर्गीकरण गर्न । | १. विभिन्न पर्यटकीय स्थलहरुको परिचय कुन्तादेवी मन्दिर,कालिका मन्दिर,सहिद पार्क,<br>तिनतले डाँडो, मोलुङ हाइड्रोपावर, डेछेन छोलिङ सेन्दुप गुम्बा । | १. सम्वन्धित पर्यटकीय क्षेत्रको चित्र सहित परिचय दिने ।<br>२. सम्वन्धित पर्यटकीय क्षेत्रको चित्र बनाउन लगाउने ।<br>३. विद्यालयको नजिक रहेका पर्यटकिय क्षेत्रका अवलोकन भ्रमण गराइ शिक्षकले दिइएको प्रतिवेदनको ढाँचा भर्न लगाउने । | १. मोलुङ हाइड्रोपावरले कति विद्युत उत्पादन गर्छ ?<br>२. सहिद पार्कमा कुन कुन सहिदको शालिक निर्माण गरिएको छ ? | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| जैविक विविधता | १. आफ्नो गाउँपालिकामा पाइने जलचर र औषधि जन्य वनस्पतिहरुको पहिचान गर्न ।<br>२. औषधिजन्य वनस्पति तथा काठजन्य वनस्पतिको घरायसी प्रयोग बताउन । | १. आफ्नो गाउँपालिका भित्र पाइने जलचर जस्तै : माछा, भ्यागुता, पाहा, लेउ, सिमसाग आदी ।<br>२.. आफ्नो गाउँपालिका भित्र पाइने औषधि जन्य वनस्पतिहरु जस्तै : चिराइतो, हर्रो, बेसार, वर्रो, अमला, तुलसी, गुर्जो, पाखनभेद, ठुलो ओखती आदी।<br>३. आफ्नो गाउँपालिका भित्र पाइने काठ जन्य वनस्पतिहरु जस्तै : सल्लो , साल, उत्तिस, चिलाउने, ठिउँरे, गायो, चापँ आदी ।<br>४. औषधिजन्य वनस्पति तथा काठजन्य वनस्पतिको घरायसी प्रयोग जस्तै : विभन्न रोगको औषधिको रुपमा, फर्निचर तथा घर निमार्ण आदि । | १. जलचर, औषधिजन्य तथा काठजन्य वनस्पतिहरुको चित्र देखाइ पहिचान गर्न लगाउने ।<br>२. ४/५ जना विद्यार्थीहरुको समुह निर्माण गरी समूहगत रुपमा आफ्नो पालिका भित्र रहने जलचर तथा औषधिजन्य र काठजन्य वनस्पतिहरुको सुची तयार गर्न लगाउने ।<br>३. शिक्षकले त्यसमा नसमेटिएका जीव जन्तु तथा वनस्पतिहरुको नाम थप्दै जाने ।<br>४. औषधिजन्य वनस्पति तथा काठजन्य वनस्पतिको घरायसी प्रयोग अभिभावकसँग सोधी तालिका निमार्ण गर्न लगाउने । | १. तिम्रो गाउँपालिका मा पाइने कुनै ५ वटा पानीमा पाइने जीवहरुको नाम लेख्नुहोस ।<br>२. तिम्रो पालिका भित्र पाइने औषधिजन्य कुनै ५ वटा र काठ जन्य कुनै ५ ओटा वनस्पतीहरुको नाम लेख्नुहोस ।<br>३.हातहतियारले सामान्य चोटपटक लाग्दा कुन घरयासी औषधि प्रयोग गरिन्छ ?लेख्नुहोस । | २१ |
| परम्परागत तथा प्रचलित स्थानिय सिप र कला पेशा र व्यवसाय | १.कृषि व्यवसायमा प्रयोग गरिने सामाग्रीहरुको नाम र प्रयोग बताउन ।<br>२.धान र मकै खेतीको | १.कृषि व्यवसायमा प्रयोग गरिने विभिन्न सामाग्री जस्तै : हलो, कोदाली, हसिँया, खुकुरी, जुवाँ, लिङ्को आदि ।<br>२. धान र मकै खेतीको परिचय (मुख्य क्षेत्र, मुख्य जातहरु | १. कृषि व्यवसायमा प्रयोग गरिने विभिन्न सामाग्री सूची बनाउन लगाइ तिनिहरुको प्रयोग के कामका लागि गरिन्छ ? छलफल गराउने ।<br>२. धान र मकै खेतीको स्थलगत भ्रमण गराइ मुख्य जातहरु, लगाउने समय, लगाउने | १. कृषि व्यवसायमा प्रयोग गरिने कनै २ सामाग्रीको नाम भन्नुहोस् ।<br>२.मोलुङ गाउँपालिका भित्र खेती गरिने मूख्य जातका धानको नाम भन्नुहोस् । | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | परिचय दिन । | लगाउने समय, लगाउने विधि आदि) | विधि,आदि टिपोट गर्न लगाउने । | ३.मकै खेती कसरी गरिन्छ ? लेख्नुहोस । | |
| धार्मिक तथा सांस्कृतिक सम्पदाहरु र चाडपर्वहरु | १. धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको महत्व बताउन ।<br>२.आफ्नो समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्ने उपायहरु बताउन। | १. धार्मिक तथा सांस्कृतिक सम्पदाहरु जस्तै : मन्दिर, चर्च, गुम्बा, देउराली, पाटि पौवा, चौतारा आदीको महत्व ।<br>२. आफ्नो समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्ने उपायहरु । | १. धार्मिक तथा सास्कृतिक स्थलहरुका फोटा प्रदर्शन गर्दै कुन धर्म र चाडसंग सम्वन्धित छन् ? जस्ता प्रश्नहरुका माध्यम वाट छलफल गराइ सूची निमार्ण गराउने<br>२ आफ्नो समुदायका धार्मिक तथा सास्कृतिक स्थलहरुका महत्व प्रष्ट पार्न प्रदर्शन, स्थलगत भ्रमणजस्ता कार्य गर्ने ।<br>३. आफ्नो समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्ने उपायहरु छलफल गराइ टिपोट गर्न लगाउने । | १. धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको कुनै तिनवटा महत्व लेख्नुहोस ।<br>२.आफ्नो समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्न तपाईंको भूमिका लेख्नुहोस । | २२ |
| प्राकृतिक प्रकोप तथा विपद् र सुरक्षित विद्यालय | १.विभिन्न प्राकृतिक विपद्हरुको कारण, असर र बच्ने उपायहरु बताउन ।<br>२.सुरक्षित विद्यालय अवधारणा दिन । | १. भुकम्प, चट्याङ र आगलागीका कारण,असर र व्यवस्थापनको उपायहरू ।<br>२..विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह र विद्यालय कम्पाउण्ड आदिलाई सुरक्षित बनाउने उपायहरू । | १. भुकम्प, चट्याङ र आगलागीका कारण, असर र व्यवस्थापनको उपायहरू प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>२.भूकम्पबाट बच्ने तरिकावारे अभ्यासात्मक क्रियाकलापहरू गराउने ।<br>३.कक्षाकोठा, खेलमैदान, शौचालय, विद्यालय कम्पाउण्ड, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरू सुरक्षित हुने आधारहरुको वारेमा छलफल, अवलोकन, भिडियो प्रर्दशन, आदी क्रियाकलाप गर्ने । | १.आगलागीका कुनै २ वटा कारणहरु लेख्नुहोस ।<br>२.भुकम्पबाट बच्ने कुनै ३ वटा उपायहरु लेख्नुहोस ।<br>३.विद्यालय सुरक्षित बनाउने कुनै ३ वटा उपायहरु लेख्नुहोस । | १९ |

## कक्षा ६

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाई क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक अवस्था | १.मोलुङ गाउँपालिकाको स्वास्थ्य र शैक्षिक अवस्था बताउन ।<br>२.मोलुङ गाउँपालिकामा रहेका सेवाप्रदायक संस्थाहरु र तिनिहरुले प्रदान गर्ने सेवाहरु बताउन । | १. मोलुङ गाउँपालिकाको स्वास्थ्य र शैक्षिक अवस्था ( संख्या, दरबन्दीको अवस्था संञ्चालन प्रक्रिया)<br>२. मोलुङ गाउँपालिकामा रहेका सेवा प्रदायक संस्थाहरु जस्तै : पशु, कृषि, शिक्षा, स्वस्थ्य, लेखा, तथ्याङ्क, महिला शाखा आदि र यिनीहरुले उपलब्ध गराउने सेवाहरु | १. शिक्षा शाखा र स्वस्थ्य शाखाको भ्रमण गराइ मोलुङ गाउँपालिकाको स्वास्थ्य र शैक्षिक अवस्था शिक्षण गर्ने ।<br>२. मोलुङ गाउँपालिकामा रहेका सेवाप्रदायक संस्थाहरु र तिनिहरुले उपलब्ध गराउँने सेवाहरुको सूची छलफल वा परियोजना विधि प्रयोग गरि शिक्षण गर्ने । | १. मोलुङ गाउँपालिकामा कतिवटा माध्यामिक विद्यालय रहेका छन् ?<br>२. मोलुङ गाउँपालिका कृषि शाखाले उपलब्ध गराउने सेवाहरुको सूची तयार गर्नुहोस् । | २४ |
| पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | पर्यटनको महत्व बताउन । | १. पर्यटनको कला र संस्कृतिसगँको सम्बन्ध ।<br>२. पर्यटनको महत्व जस्तै : आर्थिक, सामाजिक, धार्मिक तथा सार्स्कृतिक । | १. पर्यटनको कला र संस्कृतिसगँको सम्वन्ध छलफल गराइ बुदाँ टिपोट गर्न लगाउने ।<br>२.मोलुङमा रहेका पर्यटकीय क्षेत्रहरुको धार्मिक, संस्कृतिक र सामाजिक महत्व समूह निमाण गरि | १ पर्यटनको कला र संस्कृतिसगँको सम्बन्ध व्याख्या गर्नुहोस् ।<br>१. पर्यटनको कुनै २ आर्थीक महत्व लेख्नुहोस् ।<br>२. पर्यटनको कुनै ३ सामाजिक महत्व लेख्नुहोस् । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छुट्टा छुट्टै टेवल निमार्ण गर्न लगाइ प्रस्तुत गर्न लगाउने।<br>३. पर्यटनको महत्वको धारणा प्रष्ट् पार्न नेपालका महत्वपूर्ण पर्यटकिय क्षेत्रहरुको भिडियो Clips प्रस्तुत गर्ने । | | |
| जैविक विविधता र वातावरण संरक्षण | १.आफ्नो गाउँपालिका भित्र रहेका दुर्लभ वनस्पति तथा पशुपंक्षीहरुको पहिचान गर्न ।<br>२.दुर्लभ वनस्पति तथा पशुपंक्षीहरुको संरक्षणका उपायहरु बताउन । | १. दुर्लभ मानिने वनस्पति तथा पशुपंक्षीहरु जस्तै : सालक, गोहोरो, कालिज, ब्वाँसो, चितुवा, गिद्ध, डाँफे, चिल, चापँ, चिराइतो आदी ।<br>२. दुर्लभ वनस्पति तथा पशुपंक्षीहरुको संरक्षणका उपायहरु जस्तै : जनचेतना, स्थानिय नितिनिमार्ण, वृक्षारोपण इत्यादी । | १. ४/५ जना विद्यार्थीहरुको समूह निर्माण गर्ने, प्रत्येक समुहमा आफ्नो पालिका भित्र रहेका लोप हुन लागेका पशुपंक्षी तथा बोटबिरुवाका नाम टिपोट गर्न लागाउने, प्रत्येक समूहमा तुलना गर्न लगाउने ।<br>२. शिक्षकले सो तालिकामा छुटेमा जीव जन्तु तथा वनस्पतीको नाम थप्दै जाने ।<br>३.दुर्लभ वनस्पति तथा पशुपंक्षीहरुको संरक्षणका उपायहरु प्रश्नउत्तर विधि, छलफल विधि, प्रर्दशन विधि आदी प्रयोग गरि शिक्षण गर्ने । | १. आफ्नो पालिका भित्र रहेका २/२ वटा दुर्लभ वनस्पति र पशुपंक्षीहरुको नाम लेख्नुहोस ।<br>२. दुर्लभ वनस्पति तथा पशुपंक्षीहरुको संरक्षणका कुने ३ उपायहरु लेख्नुहोस । | २२ |
| परम्परागत तथा प्रचलित स्थानीय सिप र कला पेशा | १.टनेलमा गरिने तरकारी खेतिको परिचय दिन । | १. टनेलमा गरिने तरकारी खेतीको परिचय ।<br>२.टनेलमा टमाटर खेती गर्ने तरीका ( | १.फोटो तथा भिडियो Clips देखाइ टनेलमा गरिने तरकारी खेतीको | १. टमाटरलाई किन टनेलको प्रयोग गरि खेती गरिन्छ । | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| र व्यवसाय | २. टनेलमा टमाटर खेती गर्ने तरीका बताउन । <br> ३.तरकारी खेतीको आवश्यकता र महत्व बताउन । | टामाटरका जातहरु, बेर्ना उमार्ने तरिका, खेति गर्ने तरिका, अनुमानित लागत तथा उत्पादन, आवश्यक सामाग्रीहरु, आवश्यक औषधिहरु) । <br> ३. तरकारी खेतीको आवश्यकता र महत्व (किन आवश्यक छ ? के के फाइदा हुन्छ ?) | परिचय दिने । <br> २.विद्यालयको नजिकै टनेलमा टमाटर खेती संचालन भएको ठाउँको अवलोकन गराई खेती गर्ने कृषकसगँ छलफल गरि टनेलमा टमाटर खेती कसरी गरिन्छ ? प्रतिवेदन लेख्न लगाउने । <br> ३. तरकारी खेतिको आवश्यकता र महत्व बताउन छलफल विधिको प्रयोग गर्ने । | २. टनेलमा तरकारी खेती गर्नका लागि आवश्यक सामाग्रीहरुको सूची पार्नुहोस । <br> ३. तरकारी खेतीका कुनै ४ वटा महत्वहरु लेख्नुहोस । | |
| धार्मिक, सास्कृतिक तथा सामाजिक विविधता | १.मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको धार्मिक बनोट बताउन । <br> २. मोलुङ गाउँपालिकामा बसोवास गर्ने मूख्य जातजाति र भाषाहरुको पहिचान गर्न । | १. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको धार्मिक बनोट जस्तै : हिन्दु, वौद्ध, क्रिस्चियन, किराँत आदी <br> २. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरु जस्तै : क्षेत्री, वाहुन, राई, तमाङ, सुनुवार, शेर्पा, विश्वकर्मा, दर्जी, सार्की, पहरी, मगर, भुजेल, नेवार आदी । <br> ३. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य मातृभाषाहरु जस्तै : नेपाली, राई, तामाङ, सुनुवार, | १. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको धार्मिक बनोट पालिकाको धार्मिक वृत्त चित्र प्रस्तुत गरि शिक्षण गर्ने । <br> २. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरु छलफल गरि सूची बनाउन लगाउने । <br> ३. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य मातृभाषाहरुको सूची बनाई केहि महत्वपूर्ण वाक्य सम्वन्धित भाषाका | १. मोलुङ गाउँपालिकामा कुन धर्म मान्ने मानिसहरु धेरै छन् ? <br> २.पहरी जातका मानिसहरु मोलुङ गा.पा.को कुन वडामा बसोबास गर्दछन् ? <br> ३. मोलुङ गाउँपालिकामा बोलिने मातृभाषाहरुको सूची तयार पार्नुहोस् । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मगर , शेर्पा आदि । | विद्यार्थीहरु मार्फत आदन प्रदान गर्न लगाउने । ( जस्तै : नमस्ते नम्स्यौल, भोर्ले, टासिदेले, फ्याफुल्ला आदी) | | |
| सरसफाइ र फोहोर व्यवस्थापन | १. सरसफाइ र फोहोर व्यवस्थापनको परिचय दिन ।<br>२.फोहोरको अवस्था र व्यवस्थापन बारे बताउन । | १. सरसफाइ र फोहोर व्यवस्थापनको परिचय ।<br>२.फोहोरको अवस्था (विद्यालय तथा समुदाय ) ।<br>३.फोहोर व्यवस्थापनका उपायहरु :<br>- पुनःप्रयोग<br>- पुनः चक्रण<br>- प्लासटिक जन्य सामाग्रीहरुको कम प्रयोग गर्नु ।<br>- प्राङगारिक मलको निमार्ण<br>- पानीका स्रोतहरुमा ढल नमिसाउने ।<br>- उद्योग/कलकारखाना मानव बस्तीबाट टाढा बनाउने<br>- थोत्रा सवारी साधनको प्रयोगमा नियन्त्रण | १. सरसफाइ र फोहोर व्यवस्थापन बारेमा छलफल गराई परिचय दिने ।<br>२.विद्यालयर समुदायको भम्रण गराई फोहोरको अवस्था टिपोट गराउने।<br>३.फोहोरलाई व्यवस्थापन गरिएको क्षेत्रको क्षेत्र भ्रमण गराउने ।<br>४.नकुहिने फोहोरबाट विभिन्न सामग्री बनाउन सिकाउने ।<br>५.आफ्नो विद्यालय वरपर पाइने फोहोरलाई व्यवस्थापन गर्न सिकाउने ।<br>६. प्रदूषण सम्बन्धी भिडियो क्लिप देखाइ<br>छलफल गरी प्रश्नोत्तर गर्ने । | १. फोहोर व्यवस्थापन भनेको के हो ? लेख्नुहोस ।<br>२. आफ्नो विद्यालय वरपर पाइने फोहोरलाई व्यवस्थापन गर्ने कुनै ५ वटा उपायहरु उल्लेख गर्नुहोस । | १८ |

## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाई क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक अवस्था | १. मोलुङ गाउँपालिकाको हावापानी र वनजङ्गलको परिचय दिन । | १.मोलुङ गाउँपालिकाको हावापानी र वनजङ्गलको परिचय (अवस्था, वनजङ्गलले ओगटेको क्षेत्र) ।<br>२.हावापानीको किसिम ( उष्ण,उपोषण,समसितोष्ण) ।<br>३. वनजङ्गलको किसिम( सदावहार,पतझर,कोणधारी) ।<br>४. वनजङ्गलको महत्व जस्तै : फर्निचर, घरनिमार्ण,इन्धनको रुपमा, वातावरण सन्तुलनमा,जैविक विविधतामा आदि । | १.मोलुङ गाउँपालिकाको प्राकृतिक नक्सा देखाइ हावापानी र वनजङ्गलको परिचय दिने ।<br>२.वनजंगल रहावापानीको किसिम शिक्षण गर्ने ।<br>३.विभिन्न समूह निमार्ण गरि वनजङ्गलको महत्व छलफल गराउने । | १. मोलुङ गाउँपालिकाको कति प्रतिशत भुभाग वनजङ्गलले ढाकेको छ ?<br>२.मोलुङ गाउँपालिकाको हावापानी कति किसिमको छ ?व्याख्या गर्नुहोस ।<br>३. वनजङ्गलका कुनै ४ वटा महत्व उल्लेख गर्नुहोस् । | २४ |
| पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | पर्यटक प्रवर्धनमा हाम्रो भूमिका वताउन । | १. पर्यटक प्रवर्धनमा स्थानिय व्यक्ति, क्लबहरु, आमा समूह, सम्वन्धित वडा, विद्यालय र संघसंस्थाहरुको भूमिका | १. पर्यटक प्रवर्धनमा स्थानिय व्यक्ति, क्लबहरु, आमा समूह, सम्वन्धित वडाको भूमिका स्पस्ट पार्न विद्यार्थीहरुलाई सम्वन्धित ठाउँमा पठाइ अध्ययन गर्न लगाउने ।<br>२. विद्यार्थीहरुलाई पर्यटक प्रवर्धनमा पर्यटकलाई गरिने व्यवहार शिक्षणको लागी कक्षामा अभिनय विधिको प्रयोग गरि शिक्षण गर्ने । | १. पर्यटक प्रवर्धनमा वाल क्लबको कुनै ४ ओटा भूमिकाहरु लेख्नुहोस ।<br>२. पर्यटन प्रवर्धनका लागी वडा कार्यालयले गर्ने भूमिकाहरुको सूची तयार पार्नुहोस् । | २२ |
| जैविक विविधता र वातावरण | १.जैविक विविधता र वातावरणको परिचय दिन । | १. जैविक विविधता र वातावरणको परिचय ( परिभाषा) ।<br>२. जैविक विविधताको प्रकारहरु जस्तै | १.विद्यालय वरिपरिको भ्रमण गराई जैविक विविधता र वातावरणको परिभाषा लेख्न शिक्षकको सहयोगमा | १.जैविक विविधताको प्रकार लेख्नुहोस ।<br>२. जैविक विविधताका | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | २जैविक विविधताको महत्व बताउन । | :<br>क.वंशाणुगत विविधता<br>ख. परिस्थितिक प्रणाली विविधता<br>ग.प्रजातिगत विविधता ।<br>३. जौविक विविधताको महत्व । | विद्यार्थीहरुलाई लगाउँने ।<br>२.चार्ट वा Power Point मा सम्वन्धित figures को प्रयोग गरि जैविक विविधताको प्रकारहरुको शिक्षण गर्ने ।<br>३.प्रश्नोउत्तरको प्रयोग गरी जैविक विविधताको बारेमा शिक्षण गर्ने । | कुनै २ ओटा महत्व लेख्नुहोस । | |
| परम्परागत तथा प्रचलित स्थानिय सिप र कला पेशा र व्यवसाय | परम्परागत सिपको संरक्षण र जगेर्ना गर्न । | १.बाँस वा निगालाबाट चोया काल्न सिकाउने ।<br>२.चोयाबाट बतासी बुन्न सिकाउने ।<br>३.पराल वा खोसेलाबाट पिरा बुन्न सिकाउने । | १. शिक्षकले आफै वा सिप भएका व्यक्तिबाट बाँस वा निगालाबाट चोया काल्न सिकाउने ।<br>२.शिक्षकले आफै वा सिप भएका व्यक्ति मार्फत चोयाबाट बतासी बुन्न सिकाउने ।<br>३.भिडियो देखाउदै विद्यार्थीहरुलाई पराल वा खोसेलाबाट पिरा बुन्न सिकाउने आवश्यक परे सिप भएका व्यक्तिको पनि प्रयोग गर्न सकिन्छ । | १.बाँस वा निगालाबाट चोया काडी बतासी बुनि रङ लगाउ ।<br>२. खोसेलाबाट पिरा बन्ने तरिका लेख्नुहोस । | २२ |
| धार्मिक, सास्कृतिक तथा समाजिक विविधता | १.मोलुङ गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको भेषभुषाको परिचय दिन ।<br>२. मोलुङ गाउँपालिका | १. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको भेषभुषा जस्तै : क्षेत्री बाहुनको भेषभुषा, राईको भेषभुषा, तमाङको भेषभुषा, सुनुवारको भेषभुषा, शेर्पाको भेषभुषा मगरको भेषभुषा आदी ।<br>२. मोलुङ गाउँपालिका रीतिरिवाज जस्तै : विभिन्न जातजातिका जन्म, | १.क. मोलुङ गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको भेषभुषाको भिडियो Clips प्रस्तुत गर्ने ।<br>ख.सम्वन्धित जातजातिका मानिसहरुसँग सोधी भेषभुषाहरु चिनाउँने ।<br>२.समूह विभाजन गरि विद्यार्थीहरुलाई विभिन्न जातजातिका जन्म, मृत्यु र | १. राई जातिका महिलाहरुले लगाउने भेषभुषाहरुको सूची तयार पार्नुहोस् ।<br>२.तामाङ जातिको जन्म संस्कार छोटकरीमा वर्णन गर्नुहोस ।<br>३.सुनुवार जातिमा विवाह | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | रीतिरिवाज पहिचान गर्न । | मृत्यु र विवाहका रीतिरिवाजहरु । | विवाहका रीतिरिवाज संकलन गर्न पठाउने र कक्षाकोठामा रिपोट प्रस्तुत गर्न लगाउने । | कसरी गरिन्छ ? लेख्नुहोस । | |
| सरसफाइ र फोहोर व्यवस्थापन | १. स्वस्थकर खानाको पहिचान तथा उपभोग गर्ने उपायहरु बताउन ।<br>२. विद्यालय र समुदायमा रहेका क्लव तथा संघ संस्थाहरुको सरसफाइ र फोहोर व्यवस्थापनमा व्यवस्थापकीय भूमिका बताउन । | १.स्वस्थकर खानाको पहिचान (विषादि रहित तरकारी, मिसावट रहित खाद्यान्न) ।<br>२.स्वस्थकर वस्तुको उपभोग गर्ने उपायहरु जस्तै :<br>- मिति समाप्त नभएको खाद्यवस्तु<br>- सम्भव भए सम्म घरमै उपलब्ध खाद्य पदार्थको प्रयोग गर्ने<br>- बासी तथा सडेगलेका खानाकुरा नखाने<br>- सागसब्जीलाई गल्ने गरी नपकाउने<br>- तारेको, भुटेको डढेको खाना कम खाने<br>- एक पटक प्रयोग भएको तेल पुन:प्रयोग नगर्ने ।<br>३.विद्यालय र समुदायमा रहेका क्लब, संघ संस्था आदिको भूमिका जस्तै :<br>- सचेतना कार्यक्रम, सरसफाई अभियान संञ्चालन गर्ने । | १. स्वस्थकर खाना रअस्वस्थकर खानको बारेमा समूहगत छलफल गराइ सूची तयार गर्न लगाउने ।<br>२. बजार क्षेत्र स्थलगत भ्रमण गराउने<br>३.विद्यालय र समुदायमा रहेका क्लब, संङ्घ संस्था आदिले संञ्चालन गरेका सचेतना कार्यक्रम तथा सरसफाई कार्यक्रममा सहभागी गराउने<br>४. विद्यालयमा वेलावेलामा सरसफाई कार्यक्रम संञ्चालन गराउने । | १. स्वस्थकर खाद्य वस्तुहरु के के हुन ?<br>२. विद्यालय र समुदायमा रहेका क्लब, सङ्घ संस्था आदिको फोहोर व्यवस्थापनको लागि कुनै ४ भूमिका लेख्नुहोस । | १६ |

## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषय वस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
| --- | --- | --- | --- | --- | --- |
| भौगोलिक अवस्था | १.मोलुङ गा.पा.को नक्सा कोर्न र तोकिएका स्थानहरु सङ्केतको प्रयोग गरी देखाउन ।<br>२.समृद्ध मोलुङको परिचय दिन ।<br>३ समृद्ध मोलुङ निमार्णका लागि स्थानीय, प्रदेश र संघिय सरकारको भूमिकाहरु बताउन । | १. मोलुङ गा.पा.को नक्सा कोर्न र तोकिएका प्रसिद्ध स्थानहरु जस्तै : मोलुङ खोला, तिनतले डाँडो जलजलेश्वर मन्दिर आदि संकेतको प्रयोग गरी देखाउने ।<br>२. समृद्ध मोलुङको परिचय ( अवधारणा, समृद्ध मोलुङ निमार्णमा गरिएका प्रयासहरु, समृद्ध मोलुङ निमार्णका लागि गर्नुपर्ने कार्यहरु, समृद्ध मोलुङ निमार्णमा स्थानीय, प्रदेश र संघिय सरकारको भूमिकाहरु) । | १ मोलुङ गा.पा.को नक्सा देखाइ मोलुङको नक्सा कोर्न लगाउने ।<br>२. नक्सामा नदी, वनजंगल, मन्दिर, डाँडो देखाउने संकेत सिकाइ तोकिएका प्रसिद्ध स्थानहरु भर्न लगाउने ।<br>३. मोलुङको वृत्त चित्र प्रस्तुत गरी समृद्ध मोलुङको अवधारणा, समृद्ध मोलुङ निमार्णमा गरिएका प्रयासहरु, समृद्ध मोलुङ निमार्णका लागि गर्नुपर्ने कार्यहरुको सूची छलफल गर्दै निमार्ण गर्न लगाउने ।<br>४.तीन ओटा समूहमा विद्यार्थीहरुलाई विभाजन गरी समृद्ध मोलुङ निमार्णमा स्थानीय, प्रदेश र संघिय सरकारको भूमिकाहरुको रिपोर्ट गराइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । | १.मोलुङ गाउँपालिकाको नक्सा कोरी उक्त नक्सामा सङ्केत प्रयोग गरी मोलुङ खोला, तिनतले डाँडो र जलजलेश्वर मन्दिर देखाउनुहोस् ।<br>२. समृद्ध मोलुङ निमार्णमा गरिएका प्रयासहरुको सूची बनाउनुहोस ।<br>३.समृद्ध मोलुङ निमार्णमा स्थानिय सरकारले गर्नुपर्ने कुनै ५ ओटा कार्यहरु लेख्नुहोस । | २१ |
| पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्धनमा स्थानिय तहको भूमिका बताउन । | १. पर्यटकीय क्षेत्रको संरक्षणका उपायहरु जस्तै : सरसफाइ, पुनःनिमार्ण, जनचेतना जागरण इत्यादि ।<br>२. स्थानीय पर्यटन प्रवर्धनका लागि स्थानीय तहको भूमिका | १. पर्यटकीय क्षेत्रको संरक्षणका उपायहरु झल्किने डकुमेन्ट्री भिडियो Clips देखाउने ।<br>२. शैक्षिक भ्रमण गराइ सम्बन्धित स्थानीय तहले पर्यटकीय क्षेत्रको | १. पर्यटन प्रवर्धनका तपाईंको क्षेत्रबाट खेल्ने कुनै ३ ओटा भूमिका लेख्नुहोस ।<br>२. सम्बन्धित स्थानीय तहले पर्यटन प्रवर्धन लागि गर्नुपर्ने ५ ओटा नीतिगत कुराहरु | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जस्तै : नीति निमार्ण, प्रचारप्रसार, होमस्टेको व्यवस्थापन, यातायातको सुविधा, स्वस्थ्य तथा संञ्चारको सुविधा आदि । | संरक्षण र प्रवर्धनका लागि गरेका प्रयासहरुको प्रतिवेदन तयार पार्न लगाउने । | लेख्नुहोस् । | |
| जैविक विविधता र वातावरण | १.जैविक विविधता र वातावरणमा परेका असरहरु उल्लेख गर्न ।<br>२. जैविक विविधता र वातावरण संरक्षणका लागी हाम्रो र स्थानीय तहको भूमिका बताउन । | १.जैविक विविधता र वातावरणमा परेका असरहरु जस्तै : जीव जनावरको लोप हुँदै जानु, पारिस्थितिक पद्धति बिग्रदै जानु, बाढी पहिरो भूक्षय, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, तापक्रम वृद्धि, प्रदुषण आदि ।<br>२.जैविक विविधता र वातावरण संरक्षणका लागि हाम्रो भूमिकाहरु जस्तै : वृक्षारोपण, सरसफाई, वन्यजन्तुको संरक्षण चेतनामूलक कार्यक्रम आदि ।<br>३. जैविक विविधता र वातावरण संरक्षणका लागि स्थानीय तहको भूमिकाहरु जस्तै : नितिगत व्यवस्था, संरक्षणको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन, वजेटको व्यवस्थापन आदि । | १. जैविक विविधता र वातावरणको असरहरु लेखिएको चार्ट प्रस्तुत गरी यी कारणले गर्दा पर्ने प्रभाव बारे छोटकरीमा स्पष्ट पार्ने ।<br>२. जैविक विविधता र वातावरण संरक्षणका लागि हाम्रो भूमिकाहरु के के हुन सक्छन छलफल गरी निष्कर्षमा पुग्ने ।<br>३. जैविक विविधता र वातावरण संरक्षणका लागि स्थानीय तहको भुमिकाहरु खोजी गर्न लगाउने । | १. जैविक विविधतामा परेका कुनै २ ओटा असरहरु लेख्नुहोस ।<br>२. वातावरण संरक्षणका कुनै ५ उपायहरु लेख्नुहोस् । | २० |
| परम्परागत तथा प्रचलित स्थानीय सिप र कला पेशा र व्यवसाय | १.परम्परागत सिपको संरक्षण र जगेर्ना गर्न ।<br>२.कृषि व्यवसायका चुनौतिहरु बताउन । | १.साल, नेभारो, चिउरी आदिको पातबाट दुना, टपरी गाँस्न सिकाउने ।<br>२.बाबियो वा अम्रीसोबाट कुचो | १. शिक्षकले आफै वा सिप भएका व्यक्तिबाट १.साल, नेभारो, चिउरी आदीको पातबाट दुना, टपरी गाँस्न सिकाउने । | १.साल, नेभारो, चिउरी आदिको पातबाट एक एक ओटा दुना र टपरी गाँस्नुहोस । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. कृषि व्यवसायको आधुनिकरणको परिचय दिन । | बनाउन ।<br>३.कृषि व्यवसायका चुनौतीहरु जस्तै : दक्ष प्रविधिको अभाव, सिचाईको अभाव, परम्परागत कृषि व्यवसाय,बजार व्यवस्थापनको अभाव आदि ।<br>४. कृषि व्यवसायको आधुनिकीकरणको परिचय<br>५.कृषि व्यवसायको आधुनिकीकरण जस्तै : उन्नत बिउको प्रयोग, आधुनिक औजारको प्रयोग, आधुनिक विधि आदि । | २.शिक्षकले आफै वा सिप भएका व्यक्ति मार्फत बाबियो वा अम्प्रीसोबाट कुचो बाट्न लगाउने ।<br>३. कृषि व्यवसायका चुनौतिहरु छलफल तथा प्रश्नोउत्तर विधिको प्रयोग गरी शिक्षण गर्ने ।<br>४. विभिन्न डकुमेन्ट्री प्रयोग गरी कृषि व्यवसायको आधुनिकीकरणको परिचय र आधुनिकरण गर्ने विधि सम्वन्धि शिक्षण गर्ने । | २. कृषि व्यवसायका कुनै ५ वटा चुनौतिहरु उल्लेख गर्नुहोस ।<br>३.कृषि व्यवसायको कसरी आधुनिकरण गर्न सकिन्छ ? लेख्नुहोस । | |
| धार्मिक, सास्कृतिक तथा सामाजिक विविधता | १.धार्मिक सहिष्णुता र सामाजिक सदभावको परिचय दिन ।<br>२. धार्मिक सहिष्णुता र सामाजिक सद्भावको आवश्यकता बताउन ।<br>३. धार्मिक, सास्कृतिक रीतिरिवाजको जगेर्ना र सामाजिक कुरीतिहरुको उन्मुलन गर्न हाम्रो भूमिका वताउन । | १. धार्मिक सहिष्णुता र सामाजिक सदभावको परिचय,<br>२. धार्मिक सहिष्णुता र सामाजिक सदभावको आवश्यकता जस्तै : मेलमिलाप, आपसी सहयोग, शान्त र सुखी समाज आदि ।<br>३. धार्मिक, सास्कृतिक रीतिरिवाजको जगेर्ना जस्तै : प्रचारप्रसार, जनचेतना, युवाहरुमा हस्तान्तरण, धार्मिक तथा सास्कृतिक कार्यक्रम संञ्चालन आदि ।<br>४.सामाजिक कुरीतिहरु जस्तै : | १. छलफल विधि प्रयोग गरी धार्मिक सहिष्णुता र सामाजिक सदभावको परिचय र आवश्यकता शिक्षण गर्ने ।<br>२.समूह विभाजन गरि विद्यार्थीहरुलाई धार्मिक, सास्कृतिक रीतिरिवाजको जगेर्ना गर्ने उपायहरु टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>३.सामाजिक कुरीतिहरुको उन्मूलन गर्न नाटक प्रर्दशन गर्न लगाउने । | १. धार्मिक सहिष्णुता भनेको के हो ? लेख्नुहोस् ।<br>२. धार्मिक तथा सास्कृतिक रीतिरिवाजको जगेर्ना गर्ने ५ उपायहरु लेख्नुहोस ।<br>३.बालविवाह कसरी रोक्न सकिन्छ ? लेख्नुहोस् । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बालविवाह, धामीझाक्री,<br>छुवाछुत, आदि उन्मुलन गर्न<br>हाम्रो भूमिका । | | | |
| सरसफाई र फोहोर व्यवस्थापन | १.फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका बताउन ।<br>२.१.उपभोक्ता हकहितमा स्थानीय तहको भूमिका बताउन<br>२.घना वस्तीको अवधारणा, पूर्वाधारहरुको पहिचान र<br>यसका फाइदा बताउन । | १.फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिकाहरु जस्तै :<br>- कानुन निर्माण<br>- डस्टबिन व्यवस्थापन<br>- ढल व्यवस्थापन<br>- सवारी साधन व्यवस्थापन ।<br>२. घना वस्तीको परिचय, पूर्वाधारहरु (बाटो, बिजुली, बसपार्क<br>मनोरञ्जन स्थल,<br>धार्मिक स्थल,<br>अस्पताल, सभाहल,<br>बैंक, क्याम्पस,<br>खेलकुद मैदान,<br>सामाजिक स्थल आदि)<br>३. घना वस्तिका फाइदा जस्तै :<br>- गुणस्तरीय जीवनशैली<br>- सेवा र सुविधाको सहज पहुँच<br>- गरिबी न्यूनीकरण<br>- स्वास्थ्य स्थितिमा सुधार<br>- स्थानीय अर्थतन्त्रको सुधार । | १.फोहोर व्यवस्थापनमा स्थानीय तहको भूमिका लेखेको चार्ट देखाई छलफल गर्ने<br>२. फोहोर व्यवस्थापनका विभिन्न भिडियोहरु देखाई फोहोर व्यवस्थापनका उपायहरुको सूची बनाउन लगाउने ।<br>३.घना बस्तिको लागि आवश्यक पूर्वाधार देखाउने भिडियो/वृत्तचित्र प्रदर्शन गरी समूहगत छलफल गराउने ।<br>४.घना वस्तीको अवधारणा, पूर्वाधारहरुको<br>पहिचान गर्न क्षेत्र भ्रमण तथा घना वस्तिको कार्यविधि अध्यन गराई यसका फाइदाहरु टिपोट गर्न लगाउने । | १. फोहोर व्यवस्थापनको लागि स्थानीय तहले खेल्न सक्ने कुनै पाँच ओटा भूमिकाहरु लेख्नुहोस ।<br>२.घना वस्तिका लागी आवश्यक पूर्वाधारहरुको सूची बनाउनुहोस् ।<br>३. घना बस्तीका कुनै ३ ओटा फाइदाहरु लेख्नुहोस् । | १९ |

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ । कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । यसकालागि निरन्तर मूल्याङ्कन पद्धतिको (कक्षा १-३ को पाठ्यक्रम) अनुसूची फाराम प्रयोगमा ल्याउनु पर्नेछ ।कक्षा १-३ को पाठ्क्रममा व्यवहारकुशल सिपहरुको एकिकरण (कक्षा १, २ र ३)

तालिका नं. ६

| क.स. | विषय क्षेत्र | एकिकृत हुने व्यवहारकुशल सिपहरु |
|---|---|---|
| | | स्थानिय विषय हाम्रो मोलुङ |
| १ | हाम्रो समुदाय र हाम्रो विद्यालय | S1.2, S1.3, S2.1, S2.5 |
| २ | हाम्रो वरपरका जीवजन्तु र वनस्पतिहरु | S1.1, S1.2, S1.3, S2.1, S5.2 |
| ३ | मेरो सिर्जना र हाम्रा क्रियाकलाप | S1.2,S2.3, S2.5, S5.1,S1.5 |
| ४ | हाम्रो संस्कृति | S1.1,S1.2, S1.5, S2.3, S2.6 |
| ५ | हाम्रो वरपरको संसार | S1.1, S1.2, S1.3, S2.3, S3.2, S3.5, S4.5, S5.3,S5.4, S5.7 |

(क) निर्माणात्मक मूल्याङ्कन : निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाई सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य,अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ । प्रामाणिक मूल्याङ्कन (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ । विषयगत रेकर्ड विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ । आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

(ख) निर्णयात्मक मूल्याङ्कन : आधारभूत तह (कक्षा४-८) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नु पर्नेछ :

(१) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नु पर्नेछ ।

**तालिका नं ७ (अ) निर्माणात्मक मूल्याङ्कनका आधारहरु निम्नानुसार हुने छन्**

| सि. नं. | मूल्याङ्कनका आधारहरु | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |
| जम्मा | ५० | |

**क.** सहभागिताको ४ अंकका लागि शिक्षकहरुले विद्यार्थीहरुको व्याक्तिगत अभिलेख फाइल तयार पारी कक्षा सहभागिता र सिकाइमा सक्रियताको रेटिङ स्केल वा रुब्रिक्स प्रयोग गर्नु पर्नेछ ।

**ख.** प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलापको ३६ अंकको लागि कम्तिमा ९ वटा परियोजना कार्य गराई रुब्रिक्स बनाई अंक प्रदान गर्नु पर्नेछ ।

## परियोजनाका केही नमुनाहरु

१.तिम्रो विद्यालयको वरिपरि भ्रमण गरी त्यहाँ पाइने दश ओटा वोटविरुवाहरुको सूचि तयार पार्नुहोस् । (कक्षा १ को लागि)

२.आफ्नो विद्यालय क्षेत्रभित्रका कुनै एक पर्यटकिय स्थानको स्थलगत भ्रमण गरी शिक्षकले दिइएको प्रतिवेदनको ढाँचा भरी प्रतिवेदन तयार गनुहोस् । (कक्षा ३ )

३. मोलुङ गाउँपालिकाको तथ्याङ शाखामा शैक्षिक भ्रमण गरी जनसंख्याको जातिगत तथा मातृभाषाको तुलानात्मक प्रतिवेदन तयार पार्नुहोस् । (कक्षा ५)

४.विद्यालयको नजिकै टनेलमा टमाटर खेती संञ्चालन भएको ठाँउमा अवलोकन भ्रमण गरी प्रतिवेदन तयार पार्नुहोस् । (कक्षा ६)

**ग.** एक शैक्षिक वर्षमा कम्तिमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नु पर्नेछ । उक्त परीक्षाहरुमा प्राप्त अंकलाई १० मा बदली निणर्यात्मक मुल्याङ्कनमा समावेश गर्नु पर्नेछ । अपाङ्गता भएका तथा विशेष सिकाई आवश्यकता भएका विद्यार्थीहरूलाई परीक्षामा केही खास–खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्न भन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय

थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) कक्षा ४- ८ अन्तिम मूल्याङ्कन तपसिलको विशिष्टिकरण तालिका अनुसार गरिने छ।

**तालिका नं ८ (क) अन्तिम मूल्याङ्कन तालिका विशिष्टिकरण तालिका)**

**कक्षा : ४- ५** **पूर्णाङ्क : ५०**

**समयः २ घण्टा**

**विषयः स्थानीय पाठ्क्रम (हाम्रो मोलुङ)**

| क.स. | एकाई | अति छोटो प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| १ | भौगोलिक आवस्था | १(१) | १(१) | | १(३) | | | १(५) | | |
| २ | पर्यटकीय स्थानहरुको परिचय र सम्भावनाहरु | १(१) | | | १(३) | | | | १(५) | |
| ३ | जैविक विविधता | | १(१) | १(१) | १(३) | | १(३) | | | |
| ४ | परम्परागत तथा प्रचलित स्थानीय सिप कला पेशा र व्यवसाय | १(१) | | | | १(३) | | १(५) | | |
| ५ | धार्मिक तथा सास्कृतिक सम्पदाहरु | १(१) | | | | १(३) | | | | १(५) |
| ६ | प्राकृतिक प्रकोप तथा विपद् र सुरक्षित विद्यालय | | १(१) | १(३) | | | १(५) | | | |
| | जम्मा | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ |

| प्रश्नको किंसिम | प्रश्न संख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति छोटो उत्तर प्रश्न | ९ | ९×१=९ |
| छोटो उत्तर प्रश्न | ७ | ७×३=२१ |
| लामो उत्तर प्रश्न | ४ | ४×५=२० |
| जम्मा | २० | ५० |

द्रष्टव्य: उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृतिसँग सम्वन्धित प्रश्नहरू सोध्नु पर्ने छ ।

**तालिका नं. ८ (ख)**

**कक्षा : ६- ८** **पूर्णाङ्क : ५०** **समयः २ घण्टा**

**विषयः स्थानिय पाठ्क्रम (हाम्रो मोलुङ)**

| क. स. | एकाई | अति छोटो प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| १ | भौगोलिक आवस्था | १(१) | १(१) | | १(३) | | | १(५) | | |
| २ | पर्यटकिय स्थानहरुको परिचय र सम्भावनाहरु | १(१) | | | १(३) | | | | १(५) | |
| ३ | जैविक विविधता र वातावरण | | १(१) | १(१) | १(३) | | १(३) | | | |
| ४ | परम्परागत तथा प्रचलित स्थानीय सिप कला पेशा र व्यवसाय | १(१) | | | | १(३) | | १(५) | | |
| ५ | धार्मिक, सास्कृतिक तथा समाजिक विविधता | १(१) | | | | १(३) | | | | १(५) |
| ६ | सरसफाइ र फोहोर व्यवस्थापन | | १(१) | १(३) | | | १(५) | | | |
| | जम्मा | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ |

| प्रश्नको किसिम | प्रश्न संख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति छोटो उत्तर प्रश्न | ९ | ९×१=९ |
| छोटो उत्तर प्रश्न | ७ | ७×३=२१ |
| लामो उत्तर प्रश्न | ४ | ४×५=२० |
| जम्मा | २० | ५० |

**पाठ्यघण्टा तथा कार्यघण्टा**

(१) विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया साठी मिनेटको एक घन्टी हुनेछ । तर विद्यालयले वार्षिक कार्यघण्टा नघट्ने गरी समय व्यवस्थापन गर्न सक्नेछ ।

(२) पठनपाठन सञ्चालनका लागि खर्च भएको वत्तिस घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit Hour) मानिनेछ ।

(३) मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको समयावधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गरिनेछ ।

**पाठ्यघण्टा र क्रियाकलाप :**

(१) शिक्षक र विद्यार्थीबिचमा प्रत्यक्ष संवाद र सहकार्य गरी गरिने सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नु पर्नेछ ।

(२) निर्णयात्मक मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको पचहत्तर प्रतिशत हाजिरी भएको हुनु पर्नेछ । तर खुला विद्यालय तथा वैकल्पिक सिकाई प्रणालीमा अध्ययनरत विद्यार्थीको हाजिरी तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाको हकमा सम्बन्धित निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि निर्दिष्ट पाठ्यघण्टा अनुसार कक्षा सञ्चालन गर्दा सिकाई सम्बद्ध क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापलाई आधार मानी मूल्याङ्कन गर्नु पर्नेछ

## विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङ ।

ग्रेड निर्धारण : (१) विद्यालय शिक्षा (कक्षा १-१२) मा लेटर ग्रेडिङ लागू गर्न देहाय बमोजिम ग्रेड निर्धारण गरिनेछ,-

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

| | | |
|---|---|---|
| A+ | सर्वोत्तम (Outstanding) | Has deep and broad knowledge with highly-developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter, an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with extraordinary performance, a significant capacity for original, creative and logical thinking with superior communication skills |
| A | अत्युत्तम (Excellent) | Has deep and broad knowledge with developed critical insight as well as comprehensive and perceptive appreciation of the theoretical or practical subject matter, an exceptional ability to organize, use, analyze and succinctly present subject matter fluently and clearly with exemplary performance, a significant capacity for original, creative and logical thinking with advanced communication skills |
| B+ | उत्कृष्ट (Very Good) | Has broad knowledge with developed insight as well as comprehensive and independent appreciation of the theoretical or practical subject matter, a special ability to organize, use, analyze and succinctly present subject matter clearly with a high level of performance, a highly-developed capacity for original, creative and logical thinking with sound communication skills |
| B | उत्तम (Good) | Has decent knowledge with developed insight as well as comprehensive and good appreciation of the theoretical or practical subject matter, an ability to organize, use, analyze and succinctly present subject matter with respectable performance, a developed capacity for original, creative and logical thinking with reasonable communication skills |
| C+ | सन्तोषजनक (Satisfactory) | Has adequate knowledge with developing insight as well as comprehensive and reasonably good appreciation of the theoretical or practical subject matter, an ability to organize, use, analyze and succinctly present subject matter with blameless performance, some capacity for original, creative and logical thinking with sufficient communication skills |
| C | ग्राह्य (Acceptable) | Has sufficient knowledge with developing insight as well as comprehensive and acceptable understanding of the theoretical or practical subject matter, an ability to organize, use, analyze and present subject matter with guiltless performance, limited capacity for original, creative and logical thinking with acceptable communication skills |
| D | आधारभूत (Basic) | Has some knowledge with developing insight as well as comprehensive and partial understanding of the theoretical or practical subject matter, limited ability to organize, use, analyze and present subject matter with guiltless performance, limited capacity for original, creative and logical thinking with minimal participation in communication skills |
| NG | अवर्गीकृत (Not Graded) | Has less knowledge with incomplete insight as well as comprehensive and negligible understanding of the theoretical or practical subject matter, seriously deficient ability to organize, use, analyze and present subject matter, very limited capacity for original, creative and logical thinking with inadequate communication skills |

# ११.सन्दर्भ सामाग्रीहरु



पाठ्यक्रम विकास केन्द्र (२०६५), प्राथमिक शिक्षा, २०६२ (कक्षा ४-५), सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), स्थानिय पाठ्यक्रम प्रारुप : सानोठिमी, भक्तपुर : लेखक ।


पाठ्यक्रम विकास केन्द्र (२०७६), स्थानिय पाठ्यक्रम विकास तथा कार्यन्यन मार्गदर्शन (मातृभाषा सहित), सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), आधारभुत तह (कक्षा १-३ ) को पाठ्क्रम २०७६ , सानोठिमी, भक्तपुर : लेखक ।







मोलुङ गाउँकार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

प्राप्चा, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

२०७९, आषाढ

Email: education.molung@gmail.com

## स्थानीय पाठ्यक्रम निर्माण समिति

१. संयोजक : सरस्वती पौडेल

२. सदस्य : कुलप्रसाद खतिवडा

३. सदस्य : सुरेन्द्र खड्का

४. सदस्य : ध्रुवराज खत्री

५. सदस्य : राम कुमार ढकाल

६. सदस्य : योगेन्द्र धमला

७. सदस्य : फडिन्द्र बहादुर कार्की

## स्थानीय पाठ्यक्रम परिस्कृत तथा परिमार्जन समिति

१. संयोजक : ध्रुवराज खत्री

२. सदस्य : सुरेन्द्र खड्का

३. सदस्य : रमेश कुमार दाहाल